वर्ष : २०, अंक : ३५, काठमाडौं, २०८१ माघ २५ गते शुक्रबार, 7 February, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## जसपा नेपालको कार्यकारिणी बैठकले के-के निर्णय गऱ्यो ?




काठमाडौं । जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक सोमबार सम्पन्न भएको छ। तीन दिनदेखि पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा जारी बैठक सोमबार साँझ सकिएको छ ।

पूर्वी नेपालमा अहिले भइरहेको 'नो केबलकार आन्दोलन' माथिको सरकारी दमन तत्काल बन्द गरी वार्तामार्फत् समाधान खोज्न आग्रह गर्दै जसपा नेपालले घाइतेको उपचार र गिरफ्तार गरिएका आन्दोलनकारीलाई अबिलम्ब रिहाई गर्न सरकारसँग माग गरेको अध्यक्ष यादवको निजी सचिवालयले जनाएको छ ।

किराँत-लिम्बुवानका सांस्कृतिक एवं धार्मिक आस्थाको केन्द्र पाथिभारा (मुकुम्लुङ्ग) को प्राकृतिक संरचनालाई यथावत राख्न भइरहेको आन्दोलनमाथिको सरकारी दमन लोकतान्त्रिक मुल्य मान्यताको विरुद्ध रहेको ठहर गर्दै बैठकले यसप्रकारका अलोकतान्त्रिक सरकारी कदमको निन्दा गरेको छ ।

धार्मिक साँस्कृतिक आस्था र पहिचानका लागि अहिंसात्मक तथा शान्तिपूर्ण संघर्ष गरिरहेका जनतामाथि सरकारले बल प्रयोग गरेर त्यहाँका आदिवासी-जनजाति समुदायको अधिकारको हनन गरेको बैठकको ठहर रहेको छ ।

सरकारले माघ २४ गतेको संसदमा प्रस्तुत गर्ने अध्यादेशको पक्ष वा विपक्षमा मतदान गर्ने बारे कार्यकारिणी बैठकमा छलफल भएको छ ।

अध्यादेशको बिषयमा मंगलबार सिंहदरबारमा बस्ने जसपा नेपालको संसदीय दलको बैठकले आवश्यक निर्णय लिने बताइएको छ। अध्यादेश पारित हुने नहुनेमा जसपा नेपालको भूमिका निर्णायक भएकोले सो बारे पार्टीको निर्णयलाई चासोका साथ हेरिएको छ ।

बैठकले तीन वटा प्रदेशका इन्चार्जहरुको जिम्मेबारी हेरफेर गरेको छ। लुम्बिनी प्रदेशको इन्चार्जमा पार्टी महासचिव रामकुमार शर्मा, कर्णाली प्रदेशको इन्चार्ज बीर बहादुर नेपाली र सुदुरपश्चिम प्रदेशको इन्चार्ज प्रेमचन्द्र झालाई तोकिएको छ। *बाँकी अन्तिम पृष्ठमा*

## पूर्वप्रदेश प्रमुख डा.अहिराजद्वारा स्थापित 'पृथ्वी छात्रवृत्ति' महिमा भुजुवालाई प्रदान



बर्दिया । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले बर्दियाको बबई बहुमुखी क्याम्पसमा स्थापना गरेको 'पृथ्वी छात्रवृत्ति अक्षयकोष'बाट जेहेन्दार विद्यार्थी महिमा भुजुवालाई 'पृथ्वी छात्रवृत्ति २०८१' प्रदान गरिएको छ ।

गत सोमबार सरस्वति पुजाको अवसरमा क्याम्पसमा परिसरमा आयोजित छात्रवृत्ति वितरण कार्यक्रममा प्रमुख अतिथि डा. अहिराज र क्याम्पस प्रमुख वीरेन्द्र राज लम्सालले जेहेन्दार विद्यार्थी भुजुवालाई सो छात्रवृत्तिसहित सम्मान प्रदान गरिएको हो । बर्दियाका जेहेन्दार विपन्न वर्गका विद्यार्थीलाई यस कोषले पढ्नमा केही सहज होस् भनी जिल्लाकै सबैभन्दा पुरानो र पहिलो बबई बहुमुखी क्याम्पसमा छात्रवृत्ति कोषको स्थापना गरिएको बताएका छन् ।

कार्यक्रममा कृषि पत्रकार एवं पृथ्वी विचार अभियन्ता कमल राज पौडेल (देव कमल), निर्माण व्यवसायी संघ बर्दियाका अध्यक्ष हेमन्त प्रकाश गिरि, सामुदायिक प्रहरी सेवा केन्द्र गुलरियाका अध्यक्ष अर्जुन पोखेल, समाजसेवी मनिष गुप्ता, स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष लक्ष्मण भण्डारी लगायतको उपस्थित रहेको थियो । बर्दियाको गुलरिया नगरपालिका वडा नं. ४ अन्तर्गत रहेको बबई बहुमुखी क्याम्पसमा गत वर्ष पूर्वप्रदेश प्रमुख डा. अहिले राष्ट्र निर्माता पृथ्वीनारायण शाहका नाममा छात्रवृत्ति कोष स्थापना गरेका थिए ।

## मधेश प्रदेशमा ५२ वनरक्षकका लागि खुल्यो विज्ञापन

जनकपुरधाम । मधेश प्रदेश लोकसेवा आयोगले प्रदेश निजामती वन सेवाको सहायक तेस्रो तह वनरक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन गरेको छ । प्रदेश निजामती सेवाको वनसेवा, जनरल फरेस्ट्री समूहका सहायक तेस्रो तह वनरक्षक पद (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका उम्मेदवारहरूबाट बिहीबार दरखास्त आह्वान गरिएको हो । मधेश प्रदेशमा स्वीकृत दरबन्दीअनुसार ५२ वनरक्षक रिक्त रहेको प्रदेश वन तथा वातावरण मन्त्रालयले प्रदेश लोकसेवा आयोगलाई जानकारी गराएको थियो । आयोगले सोहीअनुसार ५२ वनरक्षकका लागि प्रतियोगितात्मक परीक्षा हुनेगरी विज्ञापन गरेको हो । आयोगमा अध्यक्षलगायत एक सदस्य रिक्त रहेकाले प्रदेशका रिक्त दरबन्दी पूर्ति गर्न कठिन *बाँकी अन्तिम पृष्ठमा*

# अध्यादेशमा निर्णायक जसपा नेपाल किन अनिर्णित ?

काठमाडौं । सत्ता गठबन्धनका दुई ठूला दल नेपाली कांग्रेस र नेकपा (एमाले) ले ल्याएको अध्यादेश पारित गर्न सरकारलाई निकै चुनौति महसुस भइरहेको छ । राष्ट्रिय सभाको अंकगणितमा जसपा नेपाल निर्णायक रहेको छ । तर, सरकारले ल्याएको अध्यादेश पारित गर्ने पक्षमा कि विपक्षमा मतदान गर्ने जसपा अनिर्णीत छ । कुनै प्रकारको निर्णय नगरी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले अहिले सरकारमा सहभागिताका लागि बार्गेनिङ्ग गरिरहेको भन्दै आलोचना भइरहेका छन् । यता, जसपा नेपालका नेताहरुले ती आलोचनाहरुको खण्डन गर्दै हिंडेका छन् ।



प्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली र प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा अहिले नियमित जसपा अध्यक्ष यादवसँग सम्पर्कमा छन् । ओली र देउवाले अध्यादेश पारितका लागि सहयोग गर्न भन्दै यादवलाई फकाउँदै आएका छन् । जसपाको कार्यकारिणी समितिको बैठक गत सोमबार नै सकिएको छ । जसपाले सहअध्यक्ष राजकिशोर यादवको नेतृत्वमा अध्यादेश अध्ययन गर्न कार्यदल गठन गरेको थियो । पार्टीको बैठकमा छलफल सकिए पनि त्यसको निर्णय सार्वजनिक नगरी यादवले संघीय सरकार र प्रदेश सरकारमा प्रवेशका लागि 'बार्गेनिङ' गरिरहेको बताइएको छ ।

अध्यादेश पारित गर्ने विषयमा ओली र देउवाले यादवलाई पटक-पटक फोनमार्फत छलफल गरेका छन् । यसबीचमा यादव आफैंले पनि बालुवाटार पुगेर ओलीसँग पटक-पटक भेटघाट र छलफल गरेका छन् । यादवले ओली र देउवालाई स्पष्ट जवाफ नदिई आफ्ना केही सर्त राखेका छन् ।

संघीय सरकार र मधेश प्रदेश सरकारमा सहभागिताका साथै जसपा नेपालबाट विभाजन भई गठन भएको अशोक राई नेतृत्वको जसपाका मन्त्रीलाई हटाउनुपर्ने सर्त जसपा नेपालको रहेको बताइँदैछ छ । यादवको सर्तमा कांग्रेस र एमाले सहमत नहुँदा जसपा नेपालले पनि आफ्नो निर्णय गरिरहेको छैन । प्रतिनिधिसभामा कांग्रेस र एमालेकै बहुमत रहेकाले प्रतिनिधिसभाबाट अध्यादेश सहजै पारित हुन्छ। तर, राष्ट्रिय सभामा जसपाको समर्थनबिना अध्यादेश पारित हुन सक्दैन ।

जसपा नेपालले समर्थन नगर्दा अध्यादेश राष्ट्रिय सभाबाट पारित नभई निष्क्रिय हुने र सरकारकै औचित्यमाथि प्रश्न उठ्ने भएकाले ओली र देउवासामु अहिले उपेन्द्रका प्रस्ताव स्वीकार गर्नुको विकल्प पनि छैन । यही कुरा बुझेका उपेन्द्रले अध्यादेश'दयगतमा निर्णय नगरी विज्ञहरूसँग छलफल र सल्लाह गरेर मात्रै निर्णय गर्ने भन्दै सरकारमाथि दबाब बढाउँदै गइरहेका छन् ।

सत्तारूढ कांग्रेस, एमाले, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा)सहितका दल अध्यादेश पारित गर्ने पक्षमा छन्। तर, सरकारलाई समर्थन गरेको उपेन्द्र नेतृत्वको जसपा अनिर्णीत छ।

विपक्षी दलहरू नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), आमजनता पार्टी (आजपा), नेपाल समाजवादी पार्टी (नेसपा महेन्द्रराय)सहितका दलले अध्यादेश अस्वीकार गर्ने निर्णय गरिसकेका छन् ।

सरकारले ल्याएका विभिन्न ६ अध्यादेश संसद्मा पेस भइसकेको छ। बिहीबारको प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठकमा अध्यादेश निर्णयार्थ प्रस्तुत गरिने कार्यसूचि रहँदा पनि जसपा नेपालले कुनै निर्णय नगर्दा सरकार ब्याक भएको थियो। प्रतिनिधिसभामा कांग्रेस र एमालेकै बहुमत भए पनि राष्ट्रिय सभामा जसपाको साथ अनिवार्य चाहिन्छ। ५९ सदस्यीय राष्ट्रिय सभामा बहुमतका लागि ३० सांसदको समर्थन आवश्यक छ। राष्ट्रिय सभामा सत्ता पक्षका कांग्रेसको १६, एमालेको १०, मनोनीत २ र लोसपाका १ गरी २९ सांसद छन् ।

विपक्षमा माओवादीका १७, एकीकृत समाजवादीका ८ र राष्ट्रिय जनमोर्चाका १ सांसद गरी २६ जना छन्। जसपाका ३ सांसद छ। नेकपा राष्ट्रिय एकता अभियानका १ (वामदेव गौतम) रहेका छन्। राष्ट्रिय सभाबाट अध्यादेश पारित गर्नका लागि जसपाका ३ सांसद निर्णायक देखिन्छ। जसपाले समर्थन नगरे अध्यादेश निष्क्रिय हुनसक्ने देखिन्छ।

## सत्ताको सेयर लिम्बुलाई दिनुपर्छ : राजेन्द्र महतो

काठमाडौं। राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले सत्ताको सेयर लिम्बुलाई दिनुपर्ने बताएका छन्। सोमबार माइतीघरमण्डलामा आयोजित मुक्कुमलुङ संरक्षण संघर्ष समितिको विरोध प्रदर्शन कार्यक्रममा अध्यक्ष महतोले यस्तो बताएका हुन्।



महतोले भने, 'यो देश लिम्बुको हो कि होइन ? हो भने सार्वभौमसत्ता साझा गर्नुपर्छ। लिम्बुवान स्वात्तता हुनुपर्छ। लिम्बुवान राज्य भएको भए केबुलकार बन्ने निर्णय नै हुने थिएन। आफ्नो राज्य भएन भने उसको लोकतन्त्र पनि हुदैन, मानव अधिकार पनि हुदैन ।'

उनले भने, 'अहिले केवलकार निर्माण जारी राखेको छ, आन्दोलनकारी पक्राउ गरिरहेको छ तर वार्ताको नौटंकी गर्दै छ। यसरी तर्साएर डराएर धम्काएर वार्ता हुदैन ।'

उनले दमन गर्ने, गोली हान्ने जस्तो कार्य राज्य सधै गर्दै आएको बताउँदै उनले छुट्टाछुट्टै लड्दा दमन गर्छ नै त्यसैले अब सबै मिल्नुपर्ने धारणा राखे। 'केवल लिम्बु समुदायको सहभागिताले मात्र अहिले पनि सफलता सम्भव छैन, सम्पूर्ण उत्पीडितहरुको एकता आवश्यक छ,' उनले भने।

उपरोक्त सवाल केवलकार वा रोजिरोटीसँग सम्बन्धित सवाल मात्रै नरहेको बताउँदै यो बैचारिक दार्शनिक सवाल पनि रहेको जिकिर गरे। उनले भने, 'सम्पूर्ण विजय प्राप्तको निम्ति स्वदेशी सत्ता चाहिन्छ। त्यसैले मधेशी-आदिवासी अधिकार रक्षा गर्न राष्ट्रिय मुक्ति क्रान्ति अपरिहार्य छ। मुक्कुम्लुडको संघर्षले राष्ट्रिय मुक्ति क्रान्तिको औचित्य थप स्पष्ट पार्दैछ।'

उनले अब बहुलराष्ट्रिय राज्य स्थापनाका लागि लामबद्ध हुन जरुरी रहेको बताए। 'नश्लीय सरकारको गलत नियत भण्डाफोर गर्दै मुन्धुमी आस्थास्थल र सांस्कृतिक सम्पदा जोगाउन सबै एकजुट हुनुपर्छ।' उनले भने, 'अब लिम्बू एक्लै छैन, उसँग मधेश उभिएको छ। एक्लै लड्दा गरिएको दमनझैँ सधैं दमन गर्छु नसोचे हुन्छ, अब सबै एक हुने हो र इटको जवाफ पत्थरले दिइने छ।'

## मधेशी पक्षहरूले चाहेका साझा मञ्च केका लागि ?



**जयप्रकाश प्रसाद गुप्ता**

लामोसमयपछि अहिले फेरि मधेशी पार्टीहरु चर्चामा उक्लिन चाहेका छन्। यद्यपि, अहिलेको चर्चा राष्ट्रिय राजनीतिमा मधेशीहरु एक उदयीमान शक्तिको रुपमा देखिएको सन्दर्भमा भैरहेको छैन। अनि फेरि मधेश आन्दोलन तथा संविधान सभाको पहिलो निर्वाचनपछि, कनकमणि दीक्षित जस्ता विश्लेषकले नेपाली टाईम्सको आलेखमा उपेन्द्र यादवलाई "मुलुकको भावी प्रधानमंत्री हुनसक्ने" संभावना देखाउदै लेखिएकोबाट पनि भैरहेको छैन। न त, सिके लालले एक समय महन्थ ठाकुरलाई "कालो आकाशमा चाँदीको घेरा" को उपमा दिदैं सकारात्मक सम्भावनाका साथ लेखिएकोबाट पनि हालको चर्चा प्रभावित छैन।

त्यो समय थियो- सडकमा, संविधान सभामा, अखबारहरूमा तथा शक्ति केन्द्रहरुका बैठकहरूमा मधेशको चर्चा शीर्षमा हुन्थ्यो। राष्ट्रपति, उपराष्ट्रपति बनाउन यसको शक्ति अपरिहार्य थियो। आफू प्रधानमन्त्री हुनका लागि मधेशी पक्षका सामु सभामुख पदको प्रस्ताव गरिन्थ्यो। भलै मधेशीहरूले मन्त्रीका बढी पद लिएर 'शक्ति अभ्यास'का महत्वलाई इन्कार गऱ्यो। तर, यो पक्ष बलियो त अवश्य थियो। आज पनि धेरैलाई याद होला। खिलराज रेग्मी सरकार प्रमुख बनाईंदा, दोस्रो संविधान सभाबाट जे जस्तो दलीय स्थिति बनेपनि भावी संविधानका केही आधारभूत मान्यताहरू मधेशी पक्षको सहमति समेतबाट निर्धारण गरिनु पर्ने कुरा, सो सुनिश्चित गर्न तेस बेलाका राष्ट्रपति श्री रामवरण यादवले कांग्रेस-एमाले-माओवादीलाई 'हिदायत' दिएको याद होला। त्यो थियो नवोदित मधेशी पक्षको शक्ति। आज सोही मधेशी पक्ष, उदयपुर-सिन्धुलीको साँधमा लाग्ने त्रिवेणी मेलाको जुवा खालमा नगद-जिन्सी सबै हारेर अन्ततः स्वास्नीका गहनागुरिया समेत बुझाएर ब्रम्हमुहूर्त अगाबै खाल छोडेर भागेका हरूवा जुवाडे जस्तो भएको छ। मधेशीहरू हरूवा जुवाडे नै भएका हुन् आज।

यता आएर भखैर, अघिल्लो अनेकन् पटकाझैं, फेरि यिनीहरू एउटै मञ्चमा आवद्ध हुन अविश्वसनीय लाग्ने प्रयासका कुरा गरेका छन्। यसो गर्न सके कुनै आपत्तिको सवाल छैन। तर, यो कति नैसर्गिक हो त ! यस मंचमा उपेन्द्र, महन्थ, सिके राउत रहन उचित मानेनन्। ठिक नै भयो। यस दर्जाका नेताहरू हाल एक अर्काको मुख देख्दा आफ्नो होशमा काबु राख्ने अवस्था बन्न केही समय लाग्ला। यद्यपि मुख्य कुरो त के हो भने अब यी मधेशी पक्षहरूले चाहेका एकता वा निर्माण गर्न खोजेका साझा मञ्च-आफुहरू बस्तुत: एक हुनका लागि हो कि एक हुन लागेको देखाउनका लागि हो ?

नेपाली कांग्रेस र एमालेले विद्यमान संविधानमा संशोधनको कुरा उठाएका छन्। यिनीहरूले के-केर कुन-कुन विषयमा संविधानको संशोधन खोजेका हुन् अहिलेसम्म बताएको छैन।

एकाध मधेशी दल र माओवादीले संविधानको प्रगतिशील परिमार्जनका लागि संशोधनमा सहमति जनाउने बुझिन्छ। जबकि, उनीहरूले प्रगतिशील परिमार्जनको एजेण्डा भनी भन्दै आएको विषयहरू कांग्रेस वा एमालेको एजेण्डा बन्ने कुनै सम्भावना छैन। सडकमा छरिएका विषयहरू भने फरक प्रकारका छन्। यस अनुसार, संघीयतालाई मितव्ययी वा किफायती *बाँकी अन्तिम पृष्ठमा*

सम्पादकीय

# जनजीविकाको सवालमा राज्यको उदासीनता

केन्द्रीकृत राज्यसत्ताले समग्र नेपाली जनताको सुख सुविधा उपलब्ध गराउन सकेन भनेर सयकडौं शहीदको बलिदान दिएर ल्याएको संघीय प्रयाालीको मूलमर्मलाई बिर्सेर आफ्नो सुख सुविधा अनुसार संघीयता चलाएर जुन परिणाम देशको सामुन्ने देखिएको छ त्यो डरलाग्दो छ । चारैतिर अनियमितता, भ्रष्टाचार, हत्या, हिंसा, बलात्कार, महँगी, बेरोजगारी, परनिर्भरता आदिको ताण्डव भई रहेको अवस्थामा राजनीतिकर्मीहरु बेखवर हुनु असक्षमताको परिचायक होइन ? के देशको यही दुर्दशाका लागि केन्द्रीकृत राज्यसत्तालाई विकेन्द्रीकरण गरिएको थियो । सबैलाई सुखसुविधा उपलब्ध गराउन ल्याईएको संघीय लोकतान्त्रिक गणतन्त्रको यस्तो दुष्परिणाम कसरी भयो ? सरकारमा रहेकाहरुले राजनीतिक स्वार्थ पूरा गर्न अपराधीलाई संरक्षण दिएर राखेका धेरै उदाहरण सार्वजनिक भएका छन् । नेपाली काँग्रेस, एमाले र माओवादीको आडमा पेशेवर अपराधीहरु निर्भीक रुपमा अपराधमा संलग्न रहेका छन् । छिटफुट अपराध गर्नेहरु पनि सोही अनुसारको संरक्षणमा जान्छन् । नेपाली काँग्रेसको सरकार भएको बेलामा आफताव आलम पनि रिहा हुने राम्रो अवसर छ । ललिता निवास प्रकरणमा पक्राउ नपरेकाहरुको कारवाही अख्तियारले अगाडि बढाउँदा शेरबहादुर देउवालेस्थगित गर्ने निर्देशन दिएपछि त्यो मुद्दा पेन्डिङ भएको छ ।

ज्यान मार्ने साँघातिक आक्रमण गर्ने प्रत्यक्ष आरोपीहरुलाई मुद्दा फिर्ता लिएर अमन चैन कायम हुने सोच राख्ने केन्द्र सरकारले देशमा अमन चैन होइन, राजनीतिलाई तरल राखेर पार्टीगत महत्व बढाउने निकृष्ट सोच राख्छन् । कानूनी संरक्षण पाएका केन्द्रका अपराधी जस्तै प्रदेशले पनि सोही बमोजिम अनुसरण गरेका छन् । कहीं कम कहीं बढि अपराधका घटनाहरु प्रदेशमा पनि कम छैन । भ्रष्टाचार, बलात्कार, हत्याहिंसा सबभन्दा बढि मधेश प्रदेशमा देखिएको हो । कानूनी संरक्षण दिएर अपराधीबाट पार्टीलाई आर्थिक लाभ होला तर सरकार बदनाम हुने, शासन प्रणाली कमजोर हुने, देशको अर्थ व्यवस्था ध्वस्त हुने सम्वेदनशीलताप्रति राजनीतिकर्मीहरु गम्भीर नहुनु उनको अज्ञानता र असक्षमता नै हो ।

देशले चारैतिरबाट भोगिरहेको नकारात्मक परिणामले कसैको हित गर्दैन । चुनावको घोषणा भएको छ । चारैतिर व्याप्त रहेको असन्तुष्टताको मिश्रित परिणाम सबैले भोग्नेछन् । कार्यकर्ताबाहेक जन मानस सन्तुष्ट छैनन् । जनजीविकाको सवालमा शासक पार्टीहरुले खासै उपलब्धिमूलक कार्य गरेको छैन । देश र जनताको जीवन शैलीमा महत्वपूर्ण परिवर्तन केही गरिएको देखिदैन ।

## खुल्लेआम सञ्चालन रहेका मदिरा पसलहरू नियन्त्रण गर्न नगरपालिकालाई ध्यानाकर्षण



सप्तरी । जिल्लाको राजविराज नगरपालिकामा अनियन्त्रित र खुल्लेआम सञ्चालनमा रहेको मदिरा पसल तथा भट्टीहरुलाई नियन्त्रण गर्न तराई-मधेश महिला फाउण्डेशनले नगरपालिकालाई ध्यानाकर्षण गराएको छ ।

सोमबार फाउण्डेशनकी अध्यक्ष सुनिता साह क्रान्तिको नेतृत्वमा राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविनलाई ध्यानाकर्षण पत्र बुझाएको हो । 'राजविराज नगरपालिका क्षेत्र भित्रका अव्यवस्थित रुपमा मदिरा पसलहरु संचालन गर्न इजाजत दिइएको अवस्था विद्यमान रहेको छ । यसरी अव्यवस्थित मदिरा पसल संचालन तथा त्यसको समय सिमा केही नराखी जथाभावी तरीकाबाट मदिरा सेवन गर्ने व्यक्तिहरुले आफ्नो घर परिवार बाटो हिडने महिला, बालबालिकाहर प्रति भई रहेको असुरक्षा तया आतंकबाट बेचैन रहेको अवस्था प्रति हाम्रो गम्भीर ध्यानआकर्षण भएको छ ।' ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ ।

यसप्रकार खुलेआम जथाभावी मदिरा पसल संचालनको इजाजत, मदिरा सेवन गर्ने समय, बाटोघाटोमा मदिरा सेवन गरी गरिरहेको अभद्र व्यवहार र तनाव व्यवस्थापन गर्न गराउन नगरपालिकालाई ध्यानआकर्षण गराएको फाउण्डेशनकी अध्यक्ष क्रान्तिले बताएकी छन् । यस्ता कियाकलापलाई समयमा नियन्त्रण गर्न गराउन अपिल गर्दै उपरोक्त समस्या समाधानका लागि समयमै आवश्यक पहल नगरिए बाध्य भई विरोधका कार्यकमहरु अघि सार्ने चेतावनीसमेत दिइएको छ ।

# आत्मनिर्भरता नेपालको आवश्यकता

नेपाल अब सधैं विदेशी सहायतामा भर पर्न सक्दैन । देशको समृद्धि नेपाली जनताकै हातमा छ। आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि उद्योग, कृषि, जलस्रोत, पर्यटन, र प्रविधिमा लगानी गर्नुपर्छ । भ्रष्टाचारमुक्त शासन, सक्षम नेतृत्व, र राष्ट्रिय एकताको भावना नै नेपाललाई आत्मनिर्भर बनाउने प्रमुख आधार हुन् ।



मनोज यादव

नेपाल एक ऐतिहासिक, सांस्कृतिक, र प्राकृतिक रूपमा धनी देश हो । हिमालयको काखमा अवस्थित हाम्रो देशले हजारौं वर्षदेखि आफ्नै पहिचान जोगाइरहेको छ । तर, आधुनिक युगमा हाम्रो अर्थतन्त्र विदेशी सहायता, रेमिट्यान्स, र अन्य मुलुकहरूको सहयोगमा अत्यधिक निर्भर बन्दै गएको छ । यो परनिर्भरता दीर्घकालीन रूपमा टिकाउ हुन सक्दैन। आत्मनिर्भर नेपाल निर्माण गर्नका लागि अब गहिरो आत्ममूल्यांकन र ठोस कदम चाल्ने समय आइसकेको छ ।

हालै अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानडालाई लिएर दिएको विवादास्पद अभिव्यक्तिले अन्तर्राष्ट्रिय समुदायमा चर्चा पाएको छ । ट्रम्पले क्यानडालाई अमेरिका अन्तर्गतको ५१औं राज्य बन्न सुझाव दिँदै, क्यानडालाई दिइने अमेरिकी सहयोग अनावश्यक रहेको बताएका थिए ।

ट्रम्पको यो भनाइले अमेरिका-क्यानडा सम्बन्धमाथि प्रश्न उठाएको मात्र होइन, दक्षिण एसियामा पनि विभिन्न परिप्रेक्ष्यमा बहस जन्माएको छ । यदि यही सोचलाई नेपाल-भारत सम्बन्धसँग तुलना गरियो भने, के नेपाल भारतको सहयोग बिना आत्मनिर्भर हुन सक्छ ?

**परनिर्भरताको वर्तमान अवस्था**

नेपाल लामो समयदेखि विभिन्न माध्यमबाट भारतको आर्थिक, व्यापारिक तथा भौतिक सहयोगमा निर्भर रहँदै आएको छ । व्यापार, ऊर्जा आपूर्ति, पूर्वाधार निर्माण, र लगानीमा भारत प्रमुख साझेदार हो । नेपालले आवश्यक पर्ने धेरै उपभोग्य वस्तुहरू भारतबाट आयात गर्छ, जुन नेपाल-भारत सम्बन्धको अभिन्न पक्ष हो ।

त्यसैगरी, नेपालले ठूलो मात्रामा विदेशी अनुदान, रेमिट्यान्स, तथा अन्य आर्थिक सहयोगमा भर पर्छ । यदि भारत वा अन्य सहयोगी मुलुकहरूले आर्थिक तथा व्यापारिक समर्थन रोक्ने स्थिति आयो भने, नेपालको अर्थतन्त्र गम्भीर संकटमा पर्ने विज्ञहरू बताउँछन् ।

नेपालको आर्थिक संरचना विदेशी सहयोगमा निकै निर्भर छ ।

हाम्रा धेरै पूर्वाधार विकास परियोजनाहरू विदेशी अनुदान र ऋणमा आधारित छन्। साथै, नेपालका लाखौं युवाहरू वैदेशिक रोजगारीमा निर्भर छन्, जसले ठूलो परिमाणमा रेमिट्यान्स पठाइरहेका छन् । तथापि, यसरी बाह्य स्रोतहरूमा मात्र भर पर्नु दीर्घकालीन समाधान होइन । यदि कुनै कारणवश भारत वा अन्य मुलुकहरूले नेपाललाई दिँदै आएको सहायता रोक्यो भने, हाम्रो देशको अर्थतन्त्र ठूलो संकटमा पर्न सक्छ ।

**आत्मनिर्भर बन्ने उपायहरू**

नेपाललाई आत्मनिर्भर बनाउनका लागि विभिन्न क्षेत्रहरूमा सुधार आवश्यक छ ।

औद्योगिक विकास - नेपालमा पर्याप्त कच्चा पदार्थ उपलब्ध छ, तर ती संसाधनलाई उपयोग गरेर उद्योग खोल्ने नीति प्रभावकारी छैन । कृषि, जलस्रोत, खनिज, र अन्य प्राकृतिक सम्पदालाई उपयोग गर्दै नेपाललाई उत्पादनशील बनाउनु जरुरी छ ।

कृषिको आधुनिकीकरण - नेपाल कृषिप्रधान देश भए पनि हामी खाद्यान्नमा आत्मनिर्भर छैनौं। कृषि क्षेत्रमा प्रविधिको प्रयोग, वैज्ञानिक अनुसन्धान, र आधुनिक उपकरणहरूको उपयोग गरेर उत्पादन बढाउनु आवश्यक छ ।

ऊर्जा तथा जलस्रोतको उपयोग - नेपाल जलस्रोतमा विश्वकै दोस्रो धनी देश हो। यदि जलविद्युत् उत्पादनलाई व्यावसायिक रूपमा विकास गरियो भने नेपालले आफ्नै ऊर्जा आवश्यकतामात्र होइन, छिमेकी देशहरूलाई पनि बिजुली निर्यात गर्न सक्छ ।

पर्यटन प्रवर्द्धन - नेपालमा पर्यटनको अपार सम्भावना छ । हिमाल, सांस्कृतिक सम्पदा, वन्यजन्तु, धार्मिक स्थल आदि नेपालका प्रमुख पर्यटकीय आकर्षण हुन् । तर, हाम्रो पर्यटन पूर्वाधार कमजोर छ । यसको विकासले देशलाई ठूलो मात्रामा राजस्व आर्जन गर्न सहयोग पुऱ्याउँछ ।

शिक्षा तथा प्रविधिमा लगानी - गुणस्तरीय शिक्षा र प्रविधिमा लगानी नगरीकन आत्मनिर्भर अर्थतन्त्र सम्भव छैन । शिक्षालाई रोजगारमुखी बनाउँदै वैज्ञानिक अनुसन्धान र नवीनतम प्रविधिहरूको विकास गर्नुपर्छ ।

**भ्रष्टाचारको अन्त्यः आत्मनिर्भरताको पहिलो शर्त**

विश्लेषकहरूका अनुसार, नेपालको आर्थिक अवस्था सुधार गर्न दीर्घकालीन योजना आवश्यक छ । जलविद्युत् उत्पादन तथा निर्यात, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास, र कृषिको आधुनिकीकरणले नेपाललाई आत्मनिर्भरतातर्फ डोऱ्याउन सक्छ । साथै, भ्रष्टाचारको अन्त्य र सुशासनको स्थायित्वले मुलुकलाई बलियो बनाउनेछ ।

अर्थशास्त्री भन्छन्, "नेपालले आफ्नो प्राकृतिक स्रोतसाधनलाई अधिकतम रूपमा उपयोग गरेमा र सही नीति अपनाएमा नेपाल आत्मनिर्भर बन्न सक्छ । तर, अहिलेको जस्तो अवस्था रहिरहेमा विदेशी सहयोग रोकिँदा ठूलो आर्थिक संकट निम्तिन सक्छ ।"

नेपालको समृद्धि र आत्मनिर्भरताको बाटोमा सबैभन्दा ठूलो अवरोध भनेको भ्रष्टाचार हो । सरकारी स्रोतसाधनको दुरुपयोग, राजनीतिक अस्थिरता, र भ्रष्टाचारले गर्दा मुलुकको विकास सम्भव भएको छैन । यदि नेपाललाई साँच्चिकै आत्मनिर्भर बनाउने हो भने, पहिलो आवश्यकता पारदर्शिता, इमानदार नेतृत्व, र सुशासन हो ।

**निष्कर्ष**

ट्रम्पको अभिव्यक्तिले अमेरिका-क्यानडा सम्बन्धको संवेदनशीलता उजागर गरेको छ । तर, यसबाट सिक्दै नेपालले दीर्घकालीन रूपमा

नेपालको आर्थिक अवस्था सुधार गर्न दीर्घकालीन योजना आवश्यक छ । जलविद्युत् उत्पादन तथा निर्यात, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास, र कृषिको आधुनिकीकरणले नेपाललाई आत्मनिर्भरतातर्फ डोऱ्याउन सक्छ।

आत्मनिर्भर बन्ने उपायहरू खोज्नु अपरिहार्य देखिन्छ । नेपाललाई स्थायी रूपमा परनिर्भरताको सञ्जालबाट मुक्त गराउन राष्ट्रिय एकता, सुशासन, र उचित नीतिगत सुधार जरुरी रहेको विज्ञहरू बताउँछन् ।

नेपाल अब सधैं विदेशी सहायतामा भर पर्न सक्दैन । देशको समृद्धि नेपाली जनताकै हातमा छ। आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि उद्योग, कृषि, जलस्रोत, पर्यटन, र प्रविधिमा लगानी गर्नुपर्छ । भ्रष्टाचारमुक्त शासन, सक्षम नेतृत्व, र राष्ट्रिय एकताको भावना नै नेपाललाई आत्मनिर्भर बनाउने प्रमुख आधार हुन् । अब हामी सबै नेपाली एकजुट भएर मेहनत गर्नुपर्छ, ताकि हाम्रो देश दानमा होइन, आफ्नै श्रममा टिक्ने राष्ट्र बनोस् ।

## स्वदेशमा नै काम गर्ने वातावरणको निर्माणमा नीजि क्षेत्रको महत्वपूर्ण भूमिका : मुख्यमन्त्री सिंह

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले युवा पुस्तामा उद्यमशीलताको विकास गरेर स्वदेशमा नै काम गर्ने वातावरणको निर्माणमा नीजि क्षेत्रको महत्वपूर्ण भूमिका हुनुपर्ने बताएका छन् ।

मुख्यमन्त्री सिंहले नबिल बैंक तथा मोनाष्टिक विद्यालयको सहकार्यमा जनकपुरधाममा शुरु भएको सामाजिक उद्यमशीलता सम्बन्धि प्रमाणपत्र तहको पठन पाठनको शुभारम्भ कार्यक्रमको उद्घाटन गर्दै स्वदेशमा आफ्नै संस्कृति, संस्कार तथा माटोमा बसेर काम गर्दा युवा पुस्ताले गर्भको अनुभूति गर्न जरुरी रहेको बताए ।

विदेशमा कमाएर पठाएको रकम विलासितामा बढी खर्च भइरहेको भन्दै उनले ती रकम सङ्कलन गरी उद्योगको विकासमा खर्च गर्न आवश्यक भएको बताए ।



नविल बैङ्कका अध्यक्ष उपेन्द्र पौडेलले निजी बैङ्कले केवल नाफा कमाउनका लागि लगानी नगरेर देशको समृद्धि र विकासका लागि गर्ने गरेको बताउँदै ऊर्जा तथा सिमेन्टको क्षेत्रमा गरेको लगानी त्यसको उदाहरण भएको बताए ।

नेपाल राष्ट्र बैङ्क मधेश प्रदेशका निर्देशक डिल्लीराम सुवेदीले नेपालबाट उद्यमी गर्ने उमेरका नागरिकहरू धेरै सङ्ख्यामा विदेश गएका कारणले देशका कतिपय क्षेत्रहरू प्रभावित हुन थालेको बताउँदै स्वदेशमा नै युवा शक्तिलाई उद्यमी बनाउन जरुरी रहेको बताए ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले कोरोना महामारीपछि थला परेका जनकपुरधामका उद्योग व्यापार आजको दिनसम्म माथि उठ्न नसकेको बताउँदै युवा शक्तिलाई उद्यमी बनाउदै युवाले उत्पादन गरेको सामानको बजार व्यवस्थापन जरुरी रहेको बताए ।

मोनाष्टिक विद्यालयका प्रबन्ध निर्देशक डा. सोनु साहले नेपाल तथा मधेश क्षेत्रमा ब्रेन ड्रेन निरन्तर रुपमा जारी रहेको बताउँदै यसलाई रोक्नका लागि उचित वातावरणको निर्माण गर्नका लागि विद्यालयले नविल बैङ्कसँग सहकार्य गरेर सामाजिक उद्यमशीलता सम्बन्धि पठन पाठन शुरु गरेको बताए । उद्यमशीलता सीप सिक्नका लागि २५ जना विद्यार्थीहरू सहभागी सो पठन पाठनमा सहभागी भएका छन् ।

# बृहत मोर्चाबन्दीका साथ एकतासम्म पुग्ने अभ्यास सुरु भएको छ



## राजकिशोर यादव
### उपाध्यक्ष, जनता समाजवादी पार्टी नेपाल

**० पछिल्लो समय के मा व्यस्त हुनुहुन्छ ?**

– पार्टीको कार्यकारिणी परिषद् बैठक भर्खर सम्पन्न भएको छ। बैठकमा पार्टीको आन्तरिक जीवन, सङ्गठन सुदृढीकरण, राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति र चुनौतीका बारेमा गहिरोसँग छलफल भएको छ। अर्कातर्फ यही माघ १८ गतेदेखि सङ्घीय संसद्को हिउँदे अधिवेशन पनि सुरु भएको छ। एउटा सांसदका हैसियतमा त्यसमा पनि व्यस्त रहने कुरा भयो। तेस्रो, संसदीय समितिको बैठक पनि नियमितरुपमा भइरहेकै छ। समग्रमा भन्नुपर्दा अहिले संसद्का गतिविधि र पार्टी सङ्गठनका काममा व्यस्त छु।

**० भर्खरै सम्पन्न भएको पार्टीको बैठक के विषयमा केन्द्रित रह्यो ?**

– यस पटकको बैठक मूलतः सङ्गठनमै केन्द्रित भयो। छ महिनादेखि 'जनतासँग जसपा आधारभूत सङ्गठन निर्माण अभियान' सञ्चालन भइरहेको छ। त्यस अभियानको विहङ्गम छलफल गरी त्यसको प्रभाव र जनताको प्रतिक्रिया कस्तो रह्यो भन्नेबारे समीक्षा गरियो। सङ्गठनलाई अझै चुस्तदुरुस्त बनाइ सुदृढीकरण र जनतामा जाँदा आएका समस्या व्यवस्थापनबारे गहन छलफल भयो। वैकल्पिक शक्तिका रुपमा रहेको जसपाले देशको राष्ट्रिय राजनीति जुन दिशामा गइरहेको छ त्यसलाई कसरी लिने र अघि बढ्ने भन्ने विषयमा केन्द्रित भई छलफल भयो।

**० देशका पछिल्लो राजनीतिक अभ्यासलाई यहाँले कसरी हेर्नुभएको छ ?**

– नेपालको पछिल्लो राजनीतिक घटनाक्रमलाई नियाल्दा विचार र सिद्धान्तबाट दलहरूमा विचलन आएको देखिन्छ। जनसरोकारका विषयभन्दा दल र त्यसका नेता आफ्नो गुटलाई कसरी लाभ पुऱ्याउने र रक्षा गर्ने भन्ने पक्षमै केन्द्रित रहेको पाइन्छ। समग्रतामा मुलुक बनाउने, जनताको रक्षा गर्ने, जायज विषय सम्बोधन गर्ने तथा आर्थिक वृद्धि हासिल गर्ने, भ्रष्टाचार नियन्त्रण गर्ने, कमजोर अवस्थामा रहेको सुशासनमा सुधार ल्याउने विषय प्राथमिकतामा हुनुपर्ने हो, तर त्यो ओझेलमा परेको छ। कृषिजन्य उपजसमेत विदेशबाट महँगोमा किनेर भान्सा चलाउनुपर्ने अवस्था छ। युवा बेरोजगारी समस्या त्यस्तै छ। शिक्षाकोस्तर खस्केको छ भने त्यो केका लागि भन्ने प्रश्न उब्जिएको छ। यस्ता विषयलाई सम्बोधन गरेर जानु पर्थ्यो त्यो भइरहेको छैन।

**० गाउँघर र जनतामा जाँदा तपाईंले कस्तो प्रतिक्रिया र टिप्पणी पाउनु भएको छ ?**

– एकअर्काबिच सहयोग, भाइचारा, प्रेम र सद्भावमा रहने नेपाली समाजको विशेषता हो। तर अहिले विधि र प्रक्रियाभन्दा बाहिर गएर पछिल्लो समय जो जहाँ छ, पेलेर जाने व्यक्ति र आत्मकेन्द्रित अवस्था छ। पछिल्लो समय देशको राष्ट्रिय राजनीति गलत बाटोमा अघि बढिरहेको छ। र त्यसको प्रभावस्वरुप आमजनतामा निराशा छ। अर्कोतिर जबरर्जस्ती नेपालमा भविष्य छैन, हामी उँभो लाग्दैनौँ भन्ने कोणबाट नकारात्मक भाव फैल्याउने कोसिस भइरहेको छ। अहिले सार्वजनिकस्थलका कुरा सुन्दा नकारात्मकतातिर उन्मुख छ। राजनीतिक दल, नेता र नेतृत्वप्रति गालीगलौज तथा तुच्छ शब्दवाण प्रयोग भइरहेको छ। सरकारमा पनि प्रभावकारी काम गर्ने ल्याकत र इच्छाशक्ति देखिएन। अर्कोतर्फ समाज पनि गलत बाटोतर्फ गयो कि भन्ने चिन्ता लागेको छ।

**० अहिले संविधान संशोधनको विषय चर्चामा छ, यसमा तपाईंको पार्टीको धारणा के हो ?**

– वर्तमान सरकार बन्नेक्रममा नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बिच सातबुँदे सहमति भएको थियो। देशका पहिलो र दोस्रो ठूलो दल मिलेर सरकार गठन गर्ने विषय लोकतन्त्र, संसदीय अभ्यास र परम्पराका दृष्टिबाट सामान्य होइन। राष्ट्रिय सङ्कटको अवस्थामा हुनसक्ने घटनाको अपवादका रुपमा दुई ठूला दलको सरकार बनेको छ। राजनीतिक स्थिरता कायम गर्न, आर्थिक क्षेत्रलाई चलायमान बनाउन, सुशासन कायम गर्न र हालको निराशालाई चिर्न वर्तमान सरकार गठन गरिएको भनियो। गणितीय हिसाबले सरकार मजबुत देखिए पनि संविधान सशोधनलगायत कतिपय विषयमा गम्भीरता पाइन्न। अर्को, संविधान जारी गर्ने बेलामै हामी केही प्रावधानका विषयलाई लिएर विरोधमा थियौँ। संविधानले अधिकार, पहिचान, आर्थिक समृद्धिलगायतलाई सम्बोधन गर्न सक्दैन भन्ने हाम्रो तत्कालीन निचोड थियो।

**० तपाईंहरूले चाहेको संविधान संशोधन कस्तो हो ?**

– पृथ्वीनारायण शाहको दिव्योपदेशमा त्यतिबेलै 'नेपाल चार वर्ण, छत्तीस जातको साझा फूलबारी हो, यो सबैलाई चेतना भया' भन्ने उल्लेख छ। नेपालमा सांस्कृतिक, धार्मिक, भौगोलिकरुपमा विविधतायुक्त समाज छ। यी हाम्रा सम्पत्ति हुन्। त्यसलाई संरक्षण गर्नुपर्नेमा नेताहरूले त्यसको महत्वलाई बुझ्न सकिरहेको देखिन्न। प्राकृतिक स्रोतसाधनको सम्पन्नताको हिसाबले नेपालले आर्थिक रुपमा फड्को मार्नुपर्ने हो, तर त्यसो भइरहेको छैन। हामीले आन्दोलनको उपलब्धिको अपनत्व हुने खालको साझा संविधान खोजेका हौँ। विविधतालाई सम्बोधन गर्ने शासन प्रणाली र सङ्घीयतालाई अधिकारसम्पन्न गरौँ भन्ने हो। सङ्घ, प्रदेश र स्थानीय तहबिच अधिकार बाँडफाँड र समन्वयको स्पष्ट खाका हुनुपर्छ। राज्य सबैको बनाउन समावेशिताको दायरालाई फराकिलो बनाउन तथा आर्थिकरुपमा सम्भावना देखिएका क्षेत्रको पहिचान गरी अघि बढाउ भनेका हौँ। मूलतः सङ्घीयतालाई अधिकारसम्पन्न र राज्यलाई अझै समावेशी बनाउने तथा आर्थिक समृद्धिका लागि चाल्नुपर्ने कदमका कोणबाट हामीले संविधान संशोधन खोजका हौँ। संविधान संशोधन अहिले गफमा सीमित छ। एजेण्डाकै रुपमा ल्याइसकेको अवस्था छैन। त्यो पाटोबाट संशोधन ल्याइएमा हामी अघि बढाउन सहयोग पुऱ्याउछौँ।

**० मधेश केन्द्रित दलबिच सहकार्य र एकतासम्मका विषय उठेका छन्, अहिले यो कुन अवस्थामा छ, कसरी अघि बढ्न खोजिरहनुभएको छ ?**

– लोकतान्त्रिक र पहिचानवादी मोर्चा बनाउन आठ दलबिच विश्वासको वातावरण बनाउँदै ध्रुवीकरण गर्दै बृहद मोर्चाबन्दीका साथ एकतासम्म पुग्ने अभ्यास सुरु भएको छ। त्यसका लागि तीन वटा औपचारिक बैठक भइसकेका छन्। मोर्चाका सम्बन्धमा गठित कार्यदलले लक्ष्य र सञ्चालन अवधारणापत्र तयार गर्दैछ। साझा मुद्दा पहिचान गर्ने कार्यदेश छ। विचार र सिद्धान्तमा आधारित देशकै वैकल्पिक लोकतान्त्रिक शक्ति बनाई नेपाललाई आर्थिक समुन्नत तुल्याउने मुख्य धेय छ। हिजोको जस्तो तराई/मधेश मात्र नभइ सम्पूर्ण नेपालीको कल्याणका लागि काम गर्ने अठोट गरेका छौँ। देशमा रहेका साधन स्रोतको प्रचूर उपयोग गर्दै युवा पुस्तालाई स्वदेशमै रहने वातावरण सिर्जना गर्न मोर्चा लागि पर्नेछ।

**० तराई-मधेशको खास मुद्दा के हो ?**

– नेपाल सबै जातजातिको साझा फूलबारी हो। हामी नेपाली कम देशभक्त होइनौँ। तराईकै भएका कारण विभेद गरिनु भएन। राज्यले जात, धर्म र समुदायका आधारमा विभेद गरिनु हुन्न भन्ने मुख्य मुद्दा हो। त्यो व्यवहारमा उतार्न अरु सरह राज्य संयन्त्रमा सहभागिता सुनिश्चित हुनुपर्छ भन्ने हो।

**० सरकार गठनसँगै कूटनीति अभ्यासको फेरबदल भइरह्यो भन्ने आरोप छ, अनि छिमेकीलाई हेर्नपर्ने दृष्टिकोण कस्तो हुनुपर्छ ?**

– हो, विगतमा नेपालले कूटनीति क्षेत्रमा विश्वमै हासिल गरेको छवी घटेको छ। हिजो हाम्रो गौरवशाली इतिहास थियो। विश्वमै गोर्खाली साहसिक, वीर र इमानदार भनेर चिनिन्छन्। पछिल्ला समय नेतृत्वले देशको भन्दा दलको परराष्ट्र नीति बनाउन खोज्दा छिमेकीसँगसमेत विश्वास घट्न पुगेको अवस्था छ। दल विशेषका आधारमा छिमेकीलाई हेर्ने प्रवृत्तिले देशको हित हुन सक्दैन। परराष्ट्र नीति भनेको देशको बनाउनुपर्छ। राष्ट्रहितमा साझा नीति र दलभन्दा माथि उठ्नुपर्छ। गुमेको साख फर्काउन नेता जिम्मेवार हुनुपर्छ। सरकार अब विदेश नीतिमा मात्र होइन, लिइने आर्थिक नीतिकाबारे पनि 'बोल्ड' भएर आउनपर्छ।

**० विगतमा सरकारमा पनि रहेर काम गर्नुभयो, अनुभवका हिसाबले सरकार भनेको के रहेछ ?**

– शक्ति पृथकीकरणको सिद्धान्तअनुरुप कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका संविधान र कानुनले व्यवस्था गरेअनुरुप योजना बनाउने र कार्यान्वयन गर्ने संयन्त्र हो। समाजका सबै समस्या विधिभित्र रहेर सम्बोधन गर्ने निकायकारुपमा सरकारलाई बुझेको छु।

**० राज्यप्रति युवापुस्तालाई विश्वास दिलाउने मामिलामा कहाँ के-कस्तो कमजोरी भइरहेको छ, जस्तो लाग्छ ?**

– राज्यसत्ता सञ्चालनको गलत अभ्यासको परिणामकारुपमा यो समस्या देखिएको छ। रोजगार, उद्योगधन्दा, कृषि, शिक्षा, स्वास्थ्यक्षेत्रमा प्रगति भएको देखिएमा जनतामा आशा पलाउँछ, त्यो अहिले कमजोर बन्न पुगेको छ। जनतादेखि प्रधानमन्त्रीसम्म कोही पनि सन्तुष्ट छैनन्। राज्यका निर्णय ठिक भएन भने समाजमा त्यसका असर परिरहन्छ। दुष्प्रभाव देखिरहन्छ। त्यो भएर युवामा नकारात्मक भाव उत्पन्न गरेको र सपना मरेको अवस्था छ।

**० भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा देखिएका समस्यालाई यहाँले कसरी लिनुभएको छ ?**

– जनताले घरबाट निस्कना साथ समस्या झेल्नुपर्छ। राज्य व्यवस्थाको कार्यप्रकृति नै दुःख दिने खालको छ। भ्रष्टाचारीपनि कुन दलको हो त्यो आधारमा कारबाही हुने जस्तो भएमा कसरी निर्मूल हुन्छ ? सरकारले सबै चर्चामा आएको काण्डमाथि छानबिन गर्नुपर्छ। निर्क्योल गरेर जानुपर्छ। सरकारले जनविश्वास आर्जन गर्ने हो भने सर्वोच्च अदालतको न्यायाधीशको नेतृत्वमा आयोग गठन गरेर छानबिन गर्नुपर्छ।

**० निर्वाचन प्रणाली खर्चिलो भयो, यसले पनि भ्रष्टाचार बढायो भन्ने सुनिन्छ, यस्तो हो र ?**

– निर्वाचन प्रणाली खर्चिलो भएको यथार्थ हो, तर भ्रष्टाचारको जननी यो हो जस्तो लाग्दैन। हाम्रो चिन्तन नै गलत छ। विधि, प्रक्रिया पारदर्शी र सबैलाई जिम्मेवार बनाएरमा अनावश्यक लाल्छना हट्छ। अहिले सबै राजनीतिमा आउन खोज्छन्, पहिले राजनीतिलाई सेवाका रुपमा लिइन्थ्यो, अहिले राजनीति आयस्रोत र पेसा व्यवसाय बन्न पुगको छ। व्यापारी पनि राजनीतिमा आउन थाले। सबै स्रोतको केन्द्र राजनीति बन्न पुग्यो। आर्थिकरुपमा अवसर दिनुपर्छ। विदेश जान रोक्ने हो भने यहाँ विकल्प तयार गरिदिनुपर्छ। नेपालको कुल गार्हस्थ्य उत्पादन बढाउनुपर्छ। विकल्प तयार नभइ युवा पलायन रोक्न सकिन्न।

**० जनतालाई आशा दिलाउने यहाँका केही सन्देश छन् त ?**

– फराकिलो चिन्तनका साथ देश र समाज बदल्ने दिशातर्फ हामी सबै उन्मुख हुनुपर्छ। पार्टी समुदायभन्दा माथि उठेर जो कोहीबाट पनि गलत काम भएमा प्रश्न गर्नुपर्छ। त्यो कोणबाट जनता जाग्नुपर्छ। जनप्रतिनिधिका नाताले म आफ्ना जीवनकालमै छाती फुलाएर, शिर उठाएर नेपालभन्दा गौरव गर्ने परिस्थिति सिर्जना गर्न लाग्छु। नेपाललाई समृद्ध र सबैको बनाउने अभियानमा जुट्नेछु। जनताका मुद्दा सदनदेखि सडकसम्म बुलन्द गर्न इमानदार प्रयास गर्नेछु। त्यसमा सबैका साथ र सहयोग अपेक्षा छ। दिन टाढा छैन, छोटो समयमै समृद्ध गर्न सकिन्छ। *-रातोपाटीबाट*

# थ्रेसहोल्डको धक्काले मधेशी दल एक ढिक्का !



कौशल गोपालवंशी

संघीय सरकारको नेतृत्व गर्दै आएको प्रमुख दुई ठूला दल नेपाली कांग्रेस र नेकपा ऐमालेबिचको ७ बुँदे सहमतिमा गत असार ३१ मा गठन भएको सरकारको प्रमुख उद्देश्य संविधान संशोधन तथा सरकारको स्थायित्व दिने नै हो भनेर तर्क अहिलेको सरकारले नै गरिरहेको छ ।

मुलुकलाई स्थायीत्व दिनका लागि बनेको यो सरकारको विरोध पनि चौतर्फी हुँदै आएको छ । कतिपय यी दुई ठूला दल मिलेर सरकार बनाउनु पर्ने अहिलेको अवस्था नरहेको तर्क गर्छन् भने कतिले यसरी सरकार बन्नु लोकतान्त्रिक मूल्य र मान्यताविपरीत रहेको तर्क गर्छन् । समानुपातिक मतको आधार मान्ने हो भने यी दुई दलको भागमा करिब ६०% भन्दा बढी रहेको छ । अर्थात यी दुई दलको नेतृत्वको सरकार भनेको ६०% भन्दा बढी जनमतको सरकार अथवा ६०% भन्दा बढी दुई धारका नागरिकको सरकार बनेको देखिन्छ ।

त्यस्तै, नेपाली राजनीतिको एउटा महत्त्वपूर्ण विधा भनेको मधेशको राजनीति हो । कुनै समयमा मधेशी भनेको कांग्रेस एकल क्षेत्र हो भन्ने थियो तर अहिले मधेशका लागि लड्ने मधेशवादी दलहरु छन् । वर्षौंदेखि कांग्रेसले मधेशीको मत लिएर मधेशलाई नै दास बनाएर राखेको कुरा लिएर वि.सं. २०६३ सालमा उपेन्द्र नेतृत्वको मधेशी जनाधिकार फोरमले संविधान जलाएर मधेशीको भित्रको जलिरहेको आगोमा पेट्रोल हाल्ने काम गरेको थियो । यसरी शुरु भएको मधेश आन्दोलनले २०६३ सालको संविधान सभाको निर्वाचनमा मधेशका लागि छुट्टै नयाँ शक्ति मधेशी जनाधिकार फोरमलाई मधेशका लागि वकालत गर्ने जिम्मेवारी दियो । तर यी राजनीतिक दल अहिलेसम्म ९ पटक विभाजनको शिकार भयो । यसरी विभाजनको खेलमा लागेका राजनेताहरुले मधेशको मुद्दा ओझेल पार्दै आफ्नो व्यक्तिगत स्वार्थका लागि पार्टी जोड्ने-तोड्ने कार्य गर्दै गरेको आएको छ ।

पार्टीहरु बिचको एकतालाई कति रुचाएको छ भन्ने कुरा २०७४ चुनावमा दिएको मधेश प्रदेश सभाको लागि दिएको बहुमतले मधेशमा मधेशी पार्टीले नै शासन गरोस् भन्ने चाहना राखेको देखिन्छ । तर व्यक्तिगत स्वार्थ र राजनीतिलाई व्यपारको थाली बनाउने राजनीतिकर्मीले मधेश आन्दोलनको राजनीतिक मुद्दालाई बार्गेनिङ उपकरण बनाएर पटक-पटक नेपाल सरकारको शरणमा धरौटी राखेर आफ्नो स्वार्थ पूरा गर्ने गरेको कुरा आमजनतासम्मले थाहा पाइसकेका छन् । मधेश आन्दोलनबाट उत्पति भएको राजनीतिक शक्तिले मधेशको नामसम्म उच्चारण गर्न नखोजेको विश्लेषण गर्ने गर्छन् । यस्तो विशाल आन्दोलन मत्थर भई असमसान घटनामा जिउँदो चिताझैं सुतिरहेको मधेशको मुद्दालाई कसरी पुनर्जागरण गर्ने कुराको वैचारिक, सैद्धान्तिक तथा राजनीतिक छलफल कहिल्यै भएन, भए त केवल सरकारमा कसरी जाने, कोसँग गठबन्धन गर्ने, कुन मन्त्री लिने, कसरी पार्टी फुटाएर मन्त्री बन्ने मात्र । पन्जाबको महान कवि पासले भनेका छन्:

*'सबसे ख़तरनाक होता है*
*हमारे सपनों का मर जाना*
*सबसे ख़तरनाक वो घड़ी होती है*
*आपकी कलाई पर चलती हुई भी जो*
*आपकी नज़र में रुकी होती है'*

कवि पासले भने जस्तो मधेशी जनताले मधेशको तर्फबाट एउटै बलियो पार्टी संघीय सदनमा हुनुपर्छ भन्ने पक्षमा छन् भने सत्ता र मन्त्री पदका लागि मधेशी पार्टीलाई जति टुक्रा गरे नि हुने भन्ने मधेशी राजनेताको बुझाई रहेको छ । मधेशी पार्टी बिना कुनै सैद्धान्तिक विमतिको विभाजन भएको देख्दा मधेश जनताको दुखेको हृदय; कुनै विभाजन गर्ने नेताले देखेनन्, उनले बरु देख्यो त केवल आन्दोलनको नाममा सांसद मन्त्री भएर भ्रष्टाचार गर्ने सपना मात्र । मधेशी जनताले मधेशी कठोर यथार्थ हामी सबैलाई थाहै छ । सत्ताको भोक, लोभ र भ्रष्टाचारमा यतिसम्म डुबेका छन् कि सात वर्षसम्म मधेश सरकार चलाएकोमा भ्रष्टाचार बाहेक अरु कुबै प्रगति भएको देखिदैन । अलिकति पोपुलर भयो उसलाई पार्टी अध्यक्ष नै बन्नु पर्ने महत्वाकांक्षा भएको कारणले पटक-पटक टुटफुट भएको स्वयं राजनीतिकर्मीहरु नै बताउने गर्छ । २०७२ सालको विशाल परिवर्तनकारी आन्दोलनको स्वत: अवसान हुनु मधेश आन्दोलनको इतिहासको एउटा कालो समय रहेको जानकारहरुले मधेशको मुद्दालाई पूरा गराउने सपना नेतृत्ववर्गमा मर्नु नै मधेशको इतिहासका लागि सबभन्दा खतरनाक हो । तर पनि कसैको ईन्द्रीयले यसको स्पर्श गरेको छैन । किनकि सबै सत्ता तथा स्वार्थमा लीन छन् ।

तर आजकल मधेश राजनीतिमा एउटा नयाँ माहोल बन्दै गएको देखिन्छ, त्यो हो संयुक्त मधेसी मोर्चा बनाउने गृहकार्य । संयुक्त मोर्चा किन ? कोमा अवस्थामा रहेको मधेश मुद्दालाई पुनर्जागरणको लागि हो भने भएको भए स्वागत योग्य नै हुन्थ्यो तर यो मोर्चा व्यक्ति स्वार्थको लागि हो । नेपाल सरकारले राजनीतिमा रहेको खुद्रा पसल बन्द गर्न र स्थायित्वका लागी राजनीतिक दल सम्बन्धि कानून संशोधन गरेर राष्ट्रिय दल हुनका लागि चाहिने थ्रेसहोल्ड प्रतिशतको बढाएर खुद्रा पसल बन्द गर्ने रणनीतिले मधेशी दलहरुको खुद्रा पसल पनि बन्द हुनेछ । हुन त आफूलाई राष्ट्रिय दल भन्ने, मधेशको ठेक्का लिने तर ५% प्रतिशत पनि समानुपातिक मत नल्याउनेलाई कसरी राष्ट्रिय दल भन्ने ? यदि मधेशी जनताले मधेशी दललाई ५% मत दिएन भने यसको अर्थ मधेशी जनतालाई यो खुद्रा पसलको आवश्यक्ता नै छैन । तर यसको अर्थ मधेशलाई आफ्नो राजनीतिक दल नचाहिएको भन्ने होइन । मधेशले सधैं आफ्नो बलियो उपस्थिति सदनमा जनाउने नै छ । आखिर त्यो मधेशवादी दलको माध्यमबाट होस् कि कांग्रेस ऐमालेको माध्यमबाट होस् तर बलियो उपस्थिति सधै रहनेछ । वर्तमान मधेशकेन्द्रित दललाई मधेशीले जिताएन भने यसको अर्थ अहिले मधेशकेन्द्रित राजनीतिक पार्टीले गर्दै गरेको गतिविधि/रबैया मधेशीले मन पराएको छैन भन्ने मात्र होइन कि मधेशले अर्को नयाँ राजनीतिक शक्तिलाई आमन्त्रण पनि गरिरहेको छ भन्ने बुझ्नुपर्छ ।

> थ्रेसहोल्ड बढाउने तथ्यको पराकम्पले नै अहिले मधेशकेन्द्रित राजनीतिक दलले संयुक्त बैठक गर्न लागेका छन् । बैठकको एजेन्डा जेजुकै होस् तर यसरी एक ठाउँमा बसेर छलफल गर्दा मधेशी जनतामा नयाँ आश पलाएको पनि देखिन्छ । तसर्थ मधेशले अहिले भएको राजनीतिक पार्टीहरुलाई सत्ता स्वार्थ, ठूलो हुँ भन्ने घमण्डलाई पाखा लगाएर एक ठाउँ आउनुपर्छ भन्ने मधेशको एक मात्र चाहना हो ।

थ्रेसहोल्ड बढाउने तथ्यको पराकम्पले नै अहिले मधेशकेन्द्रित राजनीतिक दलले संयुक्त बैठक गर्न लागेका छन् । बैठकको एजेन्डा जे जुकै होस् तर यसरी एक ठाउँमा बसेर छलफल गर्दा मधेशी जनतामा नयाँ आश पलाएको पनि देखिन्छ । तसर्थ मधेशले अहिले भएको राजनीतिक पार्टीहरुलाई सत्ता स्वर्थ, ठूलो हुँ भन्ने घमण्डलाई पाखा लगाएर एक ठाउँ आउनुपर्छ भन्ने मधेशको एक मात्र चाहना हो । यदि यिनै राजनीतिक दल एक ठाउँमा आएन भन्ने आउने चुनावले नयाँ शक्तिका लागि स्थान रिक्त गर्नेछ र हाल विद्दमान दललाई फेरि एक पटक ५ वर्षका लागि आफ्नो खुद्रा पसल बन्द गर्नुपर्ने छ । त्यसैले थ्रेडहोल्ड बढाउनु मधेशका जनताको पक्षमा छ, मधेश आन्दोलनको पक्षमा छ । मधेशको उन्मुक्तिको पक्षमा छ, सरकारसँग गरिएको ८ बुँदेको कार्यान्वयनको पक्षमा छ । त्यसैले मधेशको राजनीतिक, सामाजिक तथा समृद्धिको पक्षमा वकालत गर्ने सबैले वर्तमान सरकार नेतृत्वले बढाउन लागेको थ्रेसहोल्डको समर्थन गर्नुछ । किनकि सरकारको कदमले मधेशकेन्द्रित राजनीतिक दललाई एक ठाउँमा उभिनु पर्ने बाध्यतमक परिस्थितिको निर्माण गर्ने छ र पीडितको नाममा खोलेका खुद्रा सबै पसलहरु बन्द हुने छ ।

तर सरकारले बढाउन लागेको थ्रेसहोल्डको विरोधमा अब चाहिँ मधेशमा आन्दोलन हुनेवाला छैन । मधेशको नाममा खुद्रा व्यापार गर्नेलाई थप बलियो बनाउनका लागि कुनै आन्दोलनलाई अब मधेशले समर्थन र संरक्षण गर्दैन । यदि कुनै पार्टी वा व्यक्ति विशेषले मधेशमा आफ्नो खुद्रा व्यापारको बचाउका लागि आन्दोलन गर्छन् भने मधेश/मधेशी जनताले यसको प्रतिकार गर्ने छ । कुनै व्यक्ति/पार्टीले आफ्नो स्वार्थका लागि मेरो घर अगाडिको बाटो बन्द गर्छन् भने अबदेखि यो किसिमको गतिविधि मधेशलाई सह्य छैन । कसैले देशीविदेशी शक्तिबाट आयआर्जन गर्नका लागि मधेशको भावनाविपरीत पार्टी संचालन गरेमा मधेशको समर्थन पाउने आश अबदेखि गर्नुहुन्न ।

*(एक यथार्थवादी लेखक)*


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# नेपाल-भारतबीचको समानताले धार्मिक पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुगेको छ : मुख्यमन्त्री सिंह




जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले नेपाल-भारत बीचमा रहेको धार्मिक तथा सांस्कृतिक समानताले दुवै देशको धार्मिक पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुगेको बताएका छन् ।

मुख्यमन्त्री सिंहले भारतीय महावाणिज्य दूतावास वीरगञ्ज तथा जनकपुरधाम उद्योग वाणिज्य सङ्घको संयुक्त आयोजना र नेपाल-भारत उद्योग वाणिज्य राज्य विकास परिषद्को समन्वयमा आज जनकपुरधाममा भएको भएको पर्यटन सम्मेलनमा बोल्दै सो कुरा बताएका हुन् ।

उनले नेपालमा रहेको रामायण सर्किट सँगै काठमाडौं, लुम्बिनी तथा पोखरालाई जोड्न सकेको खण्डमा दुवै देशको पर्यटन प्रवर्द्धनमा ठूलो मद्दत पुग्ने भएकाले रामायण सर्किटलाई अझ बढी उजागर गर्नका लागि प्रदेश सरकारले दुग्धमति नदिको संरक्षण सहितको योजनाहरू अगाडी बढाएको बताए ।

मुख्यमन्त्री सिंहले नेपालमा जानकी मन्दिरको दर्शनका लागि आउने भारतीय पर्यटकलाई नेपालको अन्य धार्मिक गन्तव्यसँग जोडेको खण्डमा यसको लाभ अरू ठाउँका पर्यटन क्षेत्र सहित सिङ्गो नेपालले नै पाउने भएकाले यस्ता प्रकारको कार्यक्रमका लागि थप लगानी र प्रचार प्रसार आवश्यक भएको बताए ।

उनले नेपालका धार्मिक पर्यटकहरू भारी सङ्ख्यामा भारतको प्रयागराज, अयोध्या, बाबाधाम तथा बनारस जाने गरेको कारणले यसबाट भारतमा अरबौ रकम नेपालबाट गएर भारतको पर्यटन क्षेत्र विकासमा ठूलो योगदान गरेको बताए ।

भारत सरकारको बीरगञ्ज स्थित महावाणिज्य दूतावासका महावाणिज्य दूत देवी सहाय मिनाले भारत र नेपाल बीचको समान धार्मिक तथा सांस्कृतिक सम्बन्ध भएकाले दुवै देशका पर्यटकहरू दुवै देशको धार्मिक तीर्थस्थलको भ्रमण गर्न चाहेको बताउँदै पर्यटकहरूको सहजीकरणका लागि दुवै देश गम्भीरता सहित काम गर्न जरुरी रहेको बताइन् ।

कार्यक्रममा नेपाल भारतको पर्यटन प्रवर्द्धनमा रामायण सर्किटको विकास तर्फ दुवै देशका सरकारले साझा रणनीतिका साथ काम गर्नु पर्ने धारणामा मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष द्वय डा. हरिवंश झा, डा. भोगेन्द्र झा, वर्तमान नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन कुमार साहले जोड दिए ।

कार्यक्रममा मारवाडी सेवा समिति जनकपुरधामका अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य निर्मल चौधरी, जनकपुरधाम उपमहानगरपालिकाका पूर्व प्रमुख बजरङ्ग प्रसाद साह, चेम्बर अफ कमर्सका मधेश प्रदेशका अध्यक्ष अभिषेक चौधरी, संस्कृति विद् रमेश रञ्जन झा, सुनिल मल्लिक तथा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले रामायण सर्किटको विषयमा बोलेका थिए ।

# पत्रकार महासंघ बर्दियामा पृथ्वी पत्रकारिता पुरस्कार अक्षयकोष स्थापना




बर्दिया । नेपाल पत्रकार महासंघ बर्दियामा कृषि पत्रकार तथा पृथ्वी विचारक कमल राज पौडेल देवकमलले राष्ट्र निर्माता पृथ्वीनारायण शाहका नाममा पृथ्वी पत्रकारिता पुरस्कार अक्षयकोष स्थापना गरेका छन् ।

"प्रेस स्वतन्त्रताको आधार, सुरक्षित र व्यवसायिक पत्रकार" भन्ने मुल नारा सहित महासंघद्वारा आयोजित नेपाल पत्रकार महासंघ जिल्ला शाखा बर्दियाको पृथ्वी पत्रकारिता पुरस्कार अक्षयकोष रकम हस्तान्तरण कार्यक्रममा बर्दियाको गुलरिया ७ निवासी पृथ्वी विचारक देवकमलले १ लाख १ हजार १ सय ११ रूपैयाँ रकम हस्तान्तरण गरेर "पृथ्वी पत्रकारिता पुरस्कार" अक्षयकोष स्थापना गरेका हुन् ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै कृषि पत्रकार देवकमलले बर्दियाका पत्रकारहरूको सम्मान स्वरूप रकम हस्तान्तरण गरेको धारणा व्यक्त गरे । उनले सम्पूर्ण जेहेन्दार तथा लगनशिल पत्रकारहरुलाई राष्ट्र हित निम्ति खोज मुलक समाचार लेख्न यस पुरस्कारले उत्प्रेरित गर्ने अपेक्षा सहित अक्षयकोषको स्थापना गरिएको बताए ।

वि. सं. २०६५ सालदेखि बर्दियामा नागरिकस्तरबाट पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवस मनाउने कार्यक्रम शुरु, सरकारी गैर सरकारी संघसंस्थाहरुमा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको तस्बिर राख्ने अभियान र गुलरियामा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको शालिक निर्माणमा समेत योगदान पुर्याएकाले संयुक्त राष्ट्रवादी नेपाली संगठन बेलायतले आफुलाई पृथ्वी पुरस्कारबाट सम्मान गरेको जानकारी गराउँदै उनले बर्दियाका संचारकर्मीहरुलाई पत्रकारिता क्षेत्रमा हौसला प्रदान गर्न अक्षयकोषको रकममा प्राप्त हुने बैंक ब्याजबाट प्रत्येक बर्ष कार्यक्रमको आयोजना गरी उत्कृष्ट एक जनालाई सो पुरस्कार दिईने कुरा जानकारी गराए ।

कार्यक्रममा प्रमुख अतिथि मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा. राजेश अहिराजले देशको सीमा, इतिहास र गौरव जोगाउन पत्रकारको महत्वपूर्ण भुमिका रहने बताए । उनले राष्ट्र निर्माता पृथ्वी नारायण शाहको योगदानको हामी सबैले सम्मान गर्नुपर्ने बताउँदै उनको दिव्य उपदेशलाई हामी सबैले अबलम्वन गर्नुपर्ने सुझाव दिए ।

कार्यक्रममा विशेष अतिथि निर्माण व्यवसायी संघ बर्दियाका अध्यक्ष हेमन्त प्रकाश गिरीले पृथ्वी विचारक देवकमलको यस कार्य प्रति सम्मान व्यक्त गर्दै पत्रकारहरूले बिना भेदभाव तथा बिना पक्षपात न्यायका लागि कलम चलाउनुपर्ने बताए ।

महासंघ बर्दियाका अध्यक्ष निर्मल घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघ बर्दियाका निवर्तमान अध्यक्ष यादव आचार्य, पत्रपत्रिका संजाल बर्दियाका अध्यक्ष कृष्ण भण्डारी लगायत विभिन्न संचार माध्यममा आवद्ध संचारकर्मीहरूको सहभागिता रहेको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**



- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# मधानी महायज्ञ फागुन ११ गतेदेखि सुरू हुँदै, नेपाल र भारतका चर्चित कलाकारको सहभागिता हुने

रौतहट । रौतहटको मौलापुर नगरपालिका स्थित धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक पतौरा पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न माग गरिएको छ । मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहले पतरौ पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न सरकारसंग गरेकी छन् ।

मधानी महायज्ञको बारेमा जानकारी गराउँनका लागि मंगलबार मौलापुरमा आयोजित पत्रकार सम्मेलनमा उनले यस्तो माग गरेकी हुन् । पतौरा स्थित महादेव मन्दिर एवं महायज्ञ सरकारले वेवास्ता गरेको गुनासो समेत उनले गरिन् ।

'पतौरा स्थित पुरातात्विक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न सरकारसंग हाम्रो जोडदार माग गर्दछौं । यो धार्मिक, सांस्कृतिक, पर्यटकीय एवं ऐतिहासिक महादेव मन्दिरलाई विश्वसम्पदा सूचिमा सूचिकृत गर्न सरकारले ध्यान देओस,' मेयर साहले भनिन्, 'यो पुरातात्विक मन्दिरको उत्खननको केन्द्र सरकारले गरिरहेको छ तर उसको काम ठिक छैन् । कहिले खन्ने कहिले छोड्ने काम गरेर बर्बाद गर्दैछ । सही तरिकाले काम गर्न हामी सरकारसंग आग्रह समेत गर्न चाहन्छौं ।'




मधानी महायज्ञ प्राचिन यज्ञ भएको बताउदै उनले यहाँ ब्राह्मण बिना नै मन्त्रको जप हुने गरेको बताईन् । आउँदो फागुन ११ गतेदेखी सुरु हुन लागेको मधानी महायज्ञ पाँच दिनसम्म चल्ने छ ।

मेयर साहका अनुसार ११ फागुनमा उदघाटन समारोह, १२ फागुनमा शिव वारात यात्रा, १३ गते मधानी विशेष पुजा समारोह, १४ गते मधानी विशेष सांस्कृतिक समारोह र १५ गते मधानी विशेष दंगल कार्यक्रम रहेको छ ।

'यो मन्दिर नेपाल सरकारको १०० वटा प्रमुख पर्यटकीय गन्तव्यमा समावेस भईसकेको छ । हजारौं बर्ष पुरानो प्राचिन ईतिहास बोकेको पुरातात्विक महादेव मन्दिरको अनौठो किसिमको महिमा र विशेषता छ । यहाँ गरिने भगवान शिवको पुजा अनुष्ठान पनि विश्वकै एक पृथक एवं मौलिक शैलिको रहेको छ,' मेयर साहले भनिन्, 'यस धर्तिमा लोक एवं मौलिक शैलिमा गरिने भगवान शिव पार्वतिको वैवाहिक उत्सवको रुपमा मनाइने धार्मिक अनुष्ठान मधानी हो । जसलाई यस धर्ति र क्षेत्रको विशेष अनुपम शिव अनुष्ठानको रुपमा लिईन्छ ।'

मधानी महायज्ञ आम जनता पार्टी (आजपा)का अध्यक्ष, संघीय सांसद तथा पूर्वमन्त्री प्रभु साहको प्रमुख आतिथ्यमा हुने आयोजकले जनाएको छ । यस अघि महायज्ञमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी देखी लिएर पशुपतिनाथका मुल भट्ट पुजारीद्धारा बिधिपुर्वक पुजा आराधना भएको थियो । प्रत्येक बर्ष बिभिन्न बिशिष्ट व्यक्तित्वको सहभागिता हुदै आएको छ ।

यस बर्षको मधानी महायज्ञमा नेपाल र भारतका चर्चिक कलाकारहरुको समेत सहभागिता हुदैछ । हिन्दी, भोजपुरी सिने जगतका चर्चित कलाकार एवं सांसद रवि किशन, भोजपुरी सिने जगतका लेखक, निर्माता तथा विधायक बिनय बिहारी, भोजपुरीका चर्चित गायक एवं अभिनेता रितेश पाण्डेको महायज्ञमा विशेष प्रस्तुती रहने आयोजकले जनाएको छ ।

यसैगरी महायज्ञमा मिंटुवा भोजपुरीया (कलाकार), सुनील पंडित (गायक), अनु चौधरी (गायिका), सदाम हुसेन (कलाकार), रचना सिवाकोटी (कलाकार), रुद्र नारायण तिवारी (गायक), प्रीति आर्या पासवान (कलाकार), प्रिया सुहानी (कलाकार), रोसनी राज (कलाकार), सरिता साह (कलाकार), अर्जुन बीसी (कलाकार), मनीषा राई (कलाकार), मोनालिसा सहितका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कलाकारहरु सहभागिता हुदैछ ।

मधानी महायज्ञको तयारीका लागि बिभिन्न समितिहरु गठन गरी तिब्रगतिमा काम भईरहेको छ ।

# रौतहटका न्यायाधीश केसीविरुद्ध गौरमा स्थानीयको प्रदर्शन




रौतहट । जिल्ला अदालत रौतहटका एकजना न्यायाधीशले न्याय नगरेको भन्दै बिरोध प्रदर्शन गरिएको छ। कर्तब्य ज्यान मुद्दाका अभियुक्तलाई सफाई दिएको भन्दै स्थानीय पीडितहरुले जिल्ला अदालत रौतहटको अगाडी सोमवार प्रदर्शन गरेका हुन्। स्थानिय यमुनामाई गाउँपालिका-४ बाट दर्जनौंको संख्यामा सोमवार गएका महिला पुरुषको समूहले अदालतको अगाडी जिल्ला न्यायधिस मनोज केसीबिरुद्द प्रदर्शन गरेका छन्।

यमुनामाई गाउँपालिका-४ सरुअठा गाउँका अनुठा गुप्ताको छोरा वर्ष ५२ का राम विनोद गुप्तालाई २०७६ असार ४ गते राती १० बजे गाउँकै एक समूहले मरासन्न हुनेगरी कुटपिट गरेको थियो। टाउकोमा गम्भीर चोट लागेका विनोदको उपचारको क्रममा नेशनल मेडिकल कलेज बीरगंजमा ६ दिन पछि असार १० गते मृत्यु भएको थियो । पीडितको किराना पसलमा उधारो सामान नदिएको रिसमा स्थानिय विन्देश्वरी सिंह, राम किशोर सिंह, रोहित कुमार सिंह भन्ने राजा सिंह, रोशन सिंह, अरविन्द्र कुमार सिंह, बडाबाबु सिंह , रामविनोद सिंह र निखिल कुमार सिंह मिलेर बिनोद लाई कुटपिट गरी सबै जना फरार भएको मृतकका बाबु अनुठा गुप्ताले बताएका छन्।

मृतकको भाई राजन गुप्ता र उनको श्रीमतिले दिएको जाहेरीको आधारमा नाबालक निखिल सिंह र विन्देश्वरी सिंह, रामकिशोर सिंह, रोहित कुमार सिंह, रोशन सिंह, अरविन्द कुमार सिंह, वडाबाबु सिंह र रामविनोद सिंह माथी तत्कालै जिल्ला प्रहरी कार्यालय रौतहटमा कर्तब्य ज्यान मुद्दा दर्ता भएको थियो।

अभियुक्त ७ जना मध्ये रामकिशोर सिंह र रामविनोद सिंहलाई केही १ बर्ष अघि प्रहरीले पक्राउ गरी कारबाहीको लागि जिल्ला अदालत रौतहटमा मुद्दा पेस गरेको थियो। तर, उनीहरू दुवैजनालाई तत्काल जिल्ला अदालतले धरौटीमा छोड्ने आदेश दिएको थियो।

धरौटीमा छुटेका अभियुक्त दुवैजना रामकिशोर सिंह र रामाबिनोद सिंहलाई आईतवार जिल्ला अदालतमा रौतहटमा पेस गर्दा जिल्ला न्यायधिस मनोज केसीको ईजलासले अभियोग दाबी नपुग्ने भन्दै सफाईको फैसला सुनाएको थियो।

पिडित पक्षको जाहेरीवाला राजन गुप्ता र उनको श्रीमती अनिता देवी आफनो समर्थकसहित सोमवार रौतहट जिल्ला अदालत अगाडी न्याय नभएको विरोधमा नारा जुलुस प्रर्दशन गरेका हुन । पिडित पक्षले आफनो भाईको हत्या गरेको व्यक्तिलाई सफाई दिएकोमा आफु मर्माहित भएको दु:खेसो पोखेका छन्।

घटनाका अन्य ४ जना आरोपी भन्ने हालसम्म फरार रहेको छन्।एकजना नाबालक १३ बर्षीय निखिल कुमार सिंहलाई तत्काल सुधार गृह बिरगंज र पछि अदालतको आदेशमा अभिभावकको जिम्मा लगाईएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# राष्ट्रिय मुक्ति पार्टीमा सयौं नेता कार्यकर्ता प्रवेश

काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालद्वारा आयोजित बृहत भेला तथा पार्टी प्रवेश कार्यक्रममा पार्टी अध्यक्ष राजेन्द्र महतोले सिवेन्द्र यादव, तालिम अख्तर,आकाश साह,देवेन्द्र न्यौपानेको अगुवाइमा सयौ जना नेता कार्यकर्तालाई टिका र माला लगाई प्रवेश गराएका छन् ।

प्रवेश गर्ने अन्य नेता कार्यकर्ताहरुमा अनिश पराजुली, विक्रम साह, अमोद पटेल,जितेन्द्र जैसवाल, दिलिप पासवान, आकाश राउत, अब्दुल रहमान, नरेश जोशी,विदेशी चौधरी, आकाश ठकुरी,विरेन्द्र शाही, देव ढकाल, जनक दुलाल, इमरान अन्सारी, मन्सुर अन्सारी, डा. महेश थापा, विजय शाही, जेम्स बम, विन्दास बम, मुनाल तामाङ, अरुन खत्री, विजय ठकुरी, नवल यादव, राहुल शर्मा, विवेक पण्डित, अनिश कुशवाहा लगायतका रहेका छन् ।




कार्यक्रममा पार्टी प्रवेश गराउँदै स्वागत गरेका महतोले युवाहरु अब विदेश जाने होइन देशमै स्वरोजगारमा लाग्नु पर्छ र स्वदेशी उत्पादनमा जोड दिनु पर्ने बताए । यो देशमा अब कम्युनिज्म र क्याप्टलिज्मको औचित्य छैन अब हामी सबै स्वदेशवादी विचारधारामा लाग्नु पर्ने बताए । नेपालको वर्तमान शासनसत्ता एकल नश्लीय चिन्तनबाट चलेको ले त्यसलाई बदल्न र बहुलराष्ट्रिय राज्यको स्थापना गर्न राष्ट्रिय मुक्ति क्रान्तिको आवश्यकता रहेको बताए। कार्यक्रममा पार्टीका केन्द्रीय नेताहरु बुद्ध छिरिङ मोक्तान , केशव झा, कमला गुरुङ, राम नरेश राय, सुमन सायमी, सन्तोष मेहता, जुनतारा पुन मगर, अनिल महासेठ, अनिल सिंह, राम किशोर सिंह, तनवीर अन्सारी, विमला लामा, शेर बहादुर शाह, बलराम वाग्ले, दिपिन पन्त, कृष्ण मानन्धर, राम कृपाल साह, जित बहादुर निशानी, सि एन थारु, डिबि लामा,कौशलेन्द्र शर्मा, किसोर साह लगायतको विशेष उपस्थिति रहेको थियो।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

विश्व परिवेश

# ट्रम्पको निमन्त्रणामा मोदी अमेरिका जाँदै

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीले अर्को हप्ता ह्वाइट हाउसको भ्रमण गर्ने तयारी भएको ह्वाइट हाउसका एक अधिकारीलाई उद्धृत गर्दै रोयटर्सले जनाएको छ।



जनवरी २७ मा दुई नेताबिच भएको टेलिफोन वार्ताको केही दिनपछि यो निमन्त्रणा आएको हो । टेलिफोन वार्तामा दुवै नेताले अमेरिका-भारत रणनीतिक साझेदारी र इन्डो-प्यासिफिक क्वाड साझेदारीलाई अगाडि बढाउन आफ्नो प्रतिबद्धतालाई जोड दिएका थिए।

जनवरी २७ को कुराकानीमा ट्रम्पले आप्रवासनको बारेमा कुरा गरेका थिए भने भारतले थप अमेरिकी-निर्मित सुरक्षा उपकरणहरू किन्ने र द्विपक्षीय व्यापारिक सम्बन्धको महत्त्वमा जोड दिए।

'दुई नेताले सहकार्य विस्तार र गहिरो बनाउने विषयमा छलफल गर्नुभएको छ, उहाँहरूले इन्डो-प्यासिफिक, मध्यपूर्व र युरोपको सुरक्षासहित विभिन्न क्षेत्रीय मुद्दामा पनि छलफल गर्नुभएको छ,' वार्तापछि ह्वाइट हाउसको वक्तव्यमा भनिएको छ, 'राष्ट्रपतिले भारतले अमेरिकी निर्मित सुरक्षा उपकरणको खरिद बढाउने र निष्पक्ष द्विपक्षीय व्यापारिक सम्बन्धतर्फ अघि बढ्ने महत्त्वलाई जोड दिनुभयो ।'

नेताहरूले प्रधानमन्त्री मोदीको ह्वाइट हाउस भ्रमणको योजना र इन्डो-प्यासिफिक क्वाड साझेदारीको बारेमा पनि छलफल गरे। भारतले यस वर्ष पहिलोपटक क्वाड नेताहरूको आतिथ्यता गर्दै छ।

विशेष गरी दुई देशको महत्त्वपूर्ण व्यापार सम्बन्ध छ । द्विपक्षीय व्यापार सन् २०२३-२४ मा एक खर्ब १८ अर्ब अमेरिकी डलर नाघेको छ र भारतले ३२ अर्ब अमेरिकी डलरको व्यापार बचत हासिल गरेको छ ।

चीनको प्रतिरोध गर्ने प्रयासमा संयुक्त राज्य अमेरिकाको रणनीतिक साझेदार भारत अमेरिकासँग व्यापारिक सम्बन्ध बढाउन र आफ्ना नागरिकहरूलाई कुशल श्रमिक भिसा प्राप्त गर्न सहज बनाउन उत्सुक छ ।

प्रधानमन्त्री मोदी ट्रम्पलाई पुनः निर्वाचित भएकोमा बधाई दिने पहिलो नेतामध्ये एक हुन्। उनले संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिका रूपमा पुनः निर्वाचित भएकोमा साथै कङ्ग्रेसको चुनावमा रिपब्लिकन पार्टीको सफलताका लागि बधाई दिँदै नोभेम्बर ६ मा उनीसँग टेलिफोन कुराकानी पनि गरेका थिए ।

प्रधानमन्त्री मोदी र ट्रम्पबिच न्यानो र मैत्रीपूर्ण सम्बन्ध छ । दुई नेताबिचको यो मैत्रीपूर्ण सम्बन्धले विभिन्न वैश्विक मुद्दाहरूमा भारत र अमेरिकाको एकजुटता देखाएको छ ।

यो भ्रमण भारत फिर्ता पठाइने आप्रवासीहरू बोकेको एक अमेरिकी सैन्य विमान उडेको केही घन्टापछि आउँदै छ। यो ट्रम्प प्रशासनअन्तर्गत यस्ता उडानहरूको सबैभन्दा टाढाको गन्तव्य हो।

रोयटर्सका अनुसार अमेरिकी उत्पादनहरूमा भारतको उच्च शुल्कलाई उद्धृत गर्दै ट्रम्पले विगतमा धम्की दिएको शुल्कबाट बच्न पनि भारत उत्सुक छ।

## 'सामुदायिक खानेपानी प्रणालीमाथि हाल लाग्दै आएको कर खारेजको प्रक्रिया अघि बढाइने'

काठमाडौं । खानेपानी मन्त्री प्रदीप यादवले 'जनताको पानी सरकारको लगानी' अवधारणाअन्तर्गत सामुदायिक खानेपानी प्रणालीमाथि हाल लाग्दै आएको कर खारेजको प्रक्रिया अघि बढाइने बताएका छन् ।



शनिबार चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गास्थित नागढुङ्गा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको पाँचौँ वार्षिक साधारण सभामा उनले सामुदायिक खानेपानी प्रणालीमाथि हाल लाग्दै आएको करले अनावश्यक आर्थिक भार सिर्जना गरिरहेकाले नीति निर्माण तहमा विशेष पहल गरी उक्त कर खारेजी गरिने प्रतिबद्धता जनाएका हुन् ।

उनले भने, "देशभरिका ४२ हजार उपभोक्ता समितिहरूलाई कसरी उचित व्यवस्थापन गर्ने भनेर मन्त्रालयले गृहकार्य गरिरहेको छ । मन्त्रालयले यही माघ १० गते सोसम्बन्धी नियमावली राजपत्रमा प्रकाशित गरेको छ। उक्त नियमावलीले उपभोक्ता समितिलाई फाइदा पुग्ने विश्वास लिएका छौँ ।"

मन्त्री यादवले आम नेपाली नागरिकलाई सुरक्षित र सुलभ खानेपानी उपलब्ध गराउनु सरकारको प्रमुख जिम्मेवारी भएको बताए । खानेपानी र सरसफाइ देशको प्राथमिक आवश्यकता मात्र नभई दिगो विकासको आधारभूत स्तम्भ पनि भएको भन्दै उनले स्थानीय स्तरमा उपभोक्ता समितिले गरेको कार्यले मुलुकलाई खानेपानी व्यवस्थापन र सरसफाइको क्षेत्रमा आत्मनिर्भर बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरे ।

विसं २०७२ को भूकम्पले चन्द्रागिरि-२ को खानेपानी आपूर्ति प्रणालीका पाइपलाइन तथा मुहानमा क्षति हुँदा स्थानीय जनतालाई समस्या भए पनि उपभोक्ता समितिहरूको कार्यले समस्या समाधान भएकाले उक्त कार्य अत्यन्त सराहनीय रहेको मन्त्री यादवले बताए ।




जिल्ला समाचार

## मटिहानीका कृषकहरूलाई जलवायु मैत्री कृषि उपकरण वितरण

महोत्तरी । मटिहानी नगरपालिका वडा नं १, ३ र ६ वडाका ६० जना कृषकहरूलाई जलवायु मैत्री कृषि उपकरण वितरण गरिएको छ । कोइकाको आर्थिक सहयोग तथा जी.जी.जी.आई., जी.एन.आई. नेपालको प्राविधिक सहयोग र मटिहानी नगरपालिका एवं आसमान नेपालको समन्वयमा सञ्चालित "जलवायु मैत्री कृषि परियोजना" अन्तर्गत जलवायु मैत्री कृषि उपकरण मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले कृषकहरूलाई हस्तान्तरण गरेका हुन् । उक्त उपकरण हस्तान्तरण गर्दै प्रमुख मण्डलले यी नयाँ प्राविधिक उपकरणले कृषकलाई आफ्नो खेतमा बाली लगाउन साथै अन्य कृषि कार्य गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । उक्त जलवायु मैत्री कृषि परियोजना अन्तर्गत १, ३ र ६ वडाका कृषकहरुलाई बिरुवा रोप्ने मेसिन, प्लास्टिक ट्रे, स्प्रेयर, नानो यूरिया, क्युलयुर ट्र्याप, पहलो ट्र्याप, कोकोपिट लगायतका कृषि उपकरण वितरण गरिएको कुरा आसमान नेपालका परियोजना प्रमुख चेतन थापाले बताए । उक्त कार्यक्रममा नगर उप-प्रमुख मंजू देवी साह, जीजीजीआईका प्रमुख ईश्वरनाथ श्रेष्ठ वड़ा नं. ६ का वड़ा अध्यक्ष कलीम अंसारी, जीजीजीआईका बिपद शाखा प्रमुख राकेश साह, जीजीजीआईका प्रदीप पोखरेल, हरि पाण्डेय कृषि शाखा प्रमुख संध्या साह, कृषि प्राविधिक टंक प्रसाद उपाध्याय, आसमान नेपालका कृषि प्राविधिक महेन्द्र यादव लगायत कृषकहरुको उपस्थिति रहेको थियो ।

## चौधरीलाई सप्तरी र धनुषाका गापा हेर्ने जिम्मा

सप्तरी । गाउँपालिका राष्ट्रिय महासंघ नेपालले छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीलाई सप्तरी र धनुषा जिल्लाका सबै गाउँपालिकासँग समन्वय गर्ने जिम्मेवारी दिएको छ । चौधरी महासंघका केन्द्रीय सदस्यसमेत हुन् । गाउँपालिका राष्ट्रिय महासंघको माघ ६ र ७ गते बसेको बैठकले केन्द्रीय पदाधिकारी र सदस्यहरुलाई देशभरका गाउँपालिकाहरुको समन्वय गर्ने जिम्मेवारी दिने निर्णय गरेको थियो । बैठकको सोही निर्णयअनुसार महासंघ अध्यक्ष लक्ष्मीदेवी पाण्डेले चौधरीलाई सप्तरी र धनुषा जिल्लाका गाउँपालिकाको समन्वय गर्ने जिम्मा दिएकी हुन् । जिम्मेवारी पाएका पदाधिकारी र सदस्यले स्थानीय सरकार सवालहरुमा महासंघ र स्थानीय सरकारहरुबीच संचार समन्वय तथा सहजीकरण गर्नेछन् । त्यस्तै महासंघको सदस्यता शुल्क संकलनलगायतमा समेत संयोजन गर्ने जिम्मेवारी पाएका पदाधिकारी र सदस्यले काम गर्ने बताइएको छ ।

## सिद्धार्थ स्काउटको दिक्षान्त समारोह

कपिलवस्तु । सिद्धार्थ विद्या मन्दिर तौलिहवाले सिद्धार्थ स्काउट टुप्र दिक्षान्त समारोह तथा बसन्त पन्चमीको अवसरमा सरस्वती पुजा कार्यक्रम सम्पन्न गरेको छ । विद्यार्थीहरुलाई स्काउटको सिप सिकाइ निश्चित तालिम दिएर अवधि सम्पन्न गरेका २४ जनालाई दिक्षित गरिएको छ । कार्यक्रममा जिल्ला समन्यव समितिका प्रमुख बावुराम आचार्य, कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेल, प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्याल, जिल्ला समन्यव इकाईका प्रमुख लोकराज मरासिनी लगायतको उपस्थिति रहेको थियो । त्यस्तै कार्य्रक्रमा नेपाल स्काउटका राष्ट्रिय सुशासन तथा स्रोत विकास तथा वित्त आयुक्त गुनाखर गैरे, विद्यालयका संचालक टिकाराम अर्याल लगायतको सहभागिता रहेको थियो । शिक्षिका अम्बिका अर्यालको संचालनमा सम्पन्न समारोहमा अभिभावक तथा विद्यार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रमम बोल्ने वक्ताहरुले परोपकारी सेवा र अनुशासनका कुराहरु सिक्ने हुँदा स्काउटका आचारण अवलम्बन गर्नुपर्ने बताए ।

## कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

सप्तरी । कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी महादेवा गाउँपालिका-२ घर भएका उमेश रजकलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । आफ्नै दाई ४० वर्षीय गणेश रजकलाई २०६१ माघ १ गते बिहान कुटपिट गरी हत्या गरेको घटनामा जिल्ला अदालत सप्तरीबाट पक्राउ पुर्जी जारी भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत सप्तरीबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## सवारी दुर्घटनामा पाँचको मृत्यु

महोत्तरी । भारतमा लाग्ने प्रख्यात कुम्भ मेलाबाट फर्किने क्रममा भएको सवारी दुर्घटनामा परी महोत्तरीका एकै परिवारका चारसहित पाँच जनाको मृत्यु भएको छ । दुर्घटना भारतको मुजफ्फरपुर सदरथाना क्षेत्रमा दिउँसो २ बजेको समयमा भएको हो । तीव्र गतिमा रहेको बी.आर ३२ पि.ए ४६६१ नम्बरको स्कार्पियो अर्को दिशाबाट गुडिरहेको मोटरसाइकललाई जोगाउन खोज्दा दुर्घटनामा परेको भारतीय प्रहरीले जनाएको छ । दुर्घटनामा श्रीमान्, श्रीमती, मामा, माइजू र चालकको मृत्यु भएको हो । दुर्घटनामा थप चार जना गम्भीर घाइते भएका छन् । दुर्घटनामा महोत्तरीको मनरासिस्वा नगरपालिका-२ कट्टी घर भएका ६० वर्षीय बालकृष्ण झा, ५० वर्षीया इन्दुदेवी, ५५ वर्षीय मनतारण देवी, ३० वर्षीया अर्चना झा र सिरहा जिल्ला घर भएका चालक २४ वर्षीय शम्भु ठाकुरको मृत्यु भएको हो ।

## करेन्ट लागेर युवकको मृत्यु

रौतहट । गरूडा नगरपालिका-४ बस्ने २९ वर्षीय रामजी साहको करेन्ट लागेर शनिबार बिहान मृत्यु भएको छ । सोही नगरपालिका-१ जयनगरस्थित निर्माणाधिन समुदायिक भवनको छतको नापी गर्न आएको गरूडा नगरपालिकामा कार्यरत साहलाई छतको छेउमा रहेको एघार हजार भोल्टको विद्युतिय तारबाट करेन्ट लाग्दा गम्भीर घाइते भई उपचारको लागि गण्डक अस्पताल वीरंगज पठाइएकोमा उनको उपचारको क्रममा मृत्यु भएको हो ।

## मूर्ति बिसर्जन गर्ने क्रममा डुबेर एकको मृत्यु

रौतहट । सरस्वती पुजाको भोलिपल्ट मूर्ति बिसर्जन गर्ने क्रममा बाग्मती नदीमा डुब्दा एक युवकको मृत्यु भएको छ । रौतहटको राजदेवी नगरपालिका-६ मा रहेको वाग्मती नदीमा सरस्वती पूजाको मूर्ति विर्सजन गर्ने क्रममा राजदेवी-७ मुडवलवाका २२ वर्षीय सुरज यादवको डुबेर बेपता भएका थिए । मूर्ति सेलाउने क्रममा नदीमा डुबेर बेपता भएका यादवको मंगलबारदेखि नै सुरक्षाकर्मी र स्थानीयले खोजी गरेका थिए । उनको शव बुधबार बिहान उनी डुबेकै स्थानमा फेला परेको जनाइएको छ । पानीमुनि रहेको उनको शवलाई माछा मार्ने जाल प्रयोग गरेर निकालिएको थियो ।

# भारतीय सेना दिवस मनाइयो

काठमाडौं । भारतको ७७ औं सेना दिवसको अवसरमा काठमाडौंस्थित भारतीय राजदूतावासको रक्षा प्रभागले एक औपचारिक भोजको आयोजना गरेको थियो।

सन् १९४९ जनवरी १५ तारिखका दिन लेफ्टिनेन्ट जनरल (पछि फिल्ड मार्शल) के.एम. करियप्पाले पहिलो भारतीय कमाण्डर इन चिफको रुपमा भारतीय सेनाको कमाण्ड सम्हालेको सम्मानमा प्रत्येक वर्ष भारतीय सेना दिवस मनाइन्छ । नेपालका प्रधान सेनापति तथा भारतीय सेनाका मानार्थ महारथी प्रसिद्ध प्रबल जनसेवा अशोक राज सिग्देल सो समारोहको प्रमुख अतिथिको रुपमा थिए । समारोहमा नेपालका पूर्व सेना प्रमुख, बहालवाला एवम् सेवानिवृत्त सेना अधिकृत, कुटनैतिक वृत्तका अधिकारी, नेपाल सरकारका अधिकारी र पत्रकारहरुको उपस्थिति थियो ।




कार्यक्रममा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले दुई देशलाई भ्रातृवत् सम्बन्धमा जोड्ने भारतीय सेना र नेपाली सेनाबीचको गहिरो ऐतिहासिक साइनोको सम्झना गरे ।

भारतीय सेनामा रही गोर्खा सैनिकले गरेको निःस्वार्थ सेवा र बलिदानप्रति कृतज्ञता प्रकट गर्दै उनले भारतीय सेनाका पेन्सनवाला र नेपालमा रहेका उनीहरुका परिवारको कल्याणका लागि भारतले काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

महारथी अशोक राज सिग्देलले भारतका सेनाध्यक्ष एवम् नेपाली सेनाका मानार्थ महारथी उपेंद्र द्विवेदीलाई तथा सम्पूर्ण भारतीय सेना भ्रातृत्वलाई भारतको ७७ औं सेना दिवसको शुभकामना व्यक्त गरे । दुई देशका सेनाबीचको गहिरो सम्बन्धको चर्चा गर्दै वहाँले नेपाली सेनाको क्षमता विकासमा भारतीय सेनाले गरेको सहयोगको प्रशंसा गरे ।

भारतीय सेनाका वीरता पुरस्कार विजेता गोर्खा सैनिकलाई पनि प्रधान सेनापति अशोक राज सिग्देलले सम्मान गरेका हुन्।

# मटिहानी नगरपालिकामा एकीकृत घुम्ती सेवा शिविर संचालन

महोत्तरी । पालिका र वडाहरूबाट प्रदान गर्ने सम्पूर्ण सेवाहरू जनताको घरदैलोमै पुरयाउने उद्देश्यले मटिहानी नगरपालिकाले बुधबारदेखि एकीकृत घुम्ती सेवा शिविर प्रारम्भ गरेको छ । यसैबीच एक एक कार्यक्रम बिच मटिहानी नगरपालिका द्वारा संचालन गरिएको उक्त एकीकृत घुम्ती सेवा शिविरको मटिहानी नगरपालिकाका नगर प्रमुख (मेयर) हरि प्रसाद मण्डल र महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीद्वारा संयुक्त रुपमा उद्घाटन गरिएको हो । मटिहानी नगरपालिका प्रमुख हरिप्रसाद मण्डलले पालिका र वडाबाट प्रवाह हुने सेवा एकीकृत रूपमा जनतासामु पुऱ्याउने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको र यसबाट जनताले पालिका र वड़ाबाट चाहिएको सेवा आफ्नो गाँउ टोलमैं प्राप्त गरी लाभान्वित हुने बिश्वास ब्यक्त गरे । माघ २३ गते देखि प्रारम्भ भएको सो सेवा




पालिकाका ९ वटै वडाहरुमा क्रमशः सञ्चालन गरिनेछ । उक्त शिविरमा योजना सम्बन्धि अभिमुखीकरण, योजना समझौता, व्यवसाय दर्ता तथा नविकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङता परिचयपत्रको लागि दरखास्त संकलन, निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण, माटो परीक्षण (कृषि कार्यका लागि) कृषि मीटर सिफारिस तथा तरकारीको मिनी किट वितरण, गोबर र गर्भ परीक्षण, पशुपंक्षी सम्बन्धी परामर्श तथा औषधी वितरण, राजस्व असुली, वडाबाट प्रवाह हुने व्यक्तिगत घटना दर्ता लगायतका सम्पूर्ण सेवाहरु, स्वास्थ्य बिमा प्रदान गरिने नगर प्रमुख हरिप्रसाद मण्डलले बताए ।

नगर प्रमुख मण्डलको अध्यक्षतामा सम्पन्न समुद्घाटन कार्यक्रममा मटिहानी नगरपालिकाका ससस्त्र प्रहरीका एसपी विनोद केसी, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका प्रमुख सुदीप अधिकारी, उप-प्रमुख मंजू देवी साह, वडा नं. १, २, ३ र ९ का वड़ा अध्यक्षहरु, स्वास्थ्य शाखा प्रमुख पवन मण्डल, शिक्षा संयोजक चन्देश्वर साह, सम्पूर्ण शाखाका शाखा प्रमुखहरु, कार्यपालिका सदस्यहरु, वड़ा सदस्यहरु, वड़ा सचिवहरु लगायत स्थानीयहरुको उपस्थिति रहेको थियो ।

# काठमाडौं महानगरलाई कवाड व्यवसायीको चेतावनी

काठमाडौं । कवाड व्यवसायी समाज नेपालले कवाड व्यवसायी र सञ्चालक माथि भइरहेको काठमाडौं महानगरपालिकाको गुन्डागर्दी तत्काल नरोकिए आफ्नो पेशा व्यवसायको संरक्षणका लागि जस्तोसुकै कदम चाल्न बाध्य हुने चेतावनी दिएको छ । समाजका अध्यक्ष रामकेवल गुप्ताले बुधबार एक बिज्ञप्ती जारी गर्दै काठमाडौं महानगरपालिकाका प्रहरीले गुण्डागर्दी शैलीमा कवाड व्यवसायीलाई अपहरण गरी सुन्धारा बागदरबारमा लगेर यातना दिने काम गरेको जनाएका छन् ।

'काठमाडौं महानगरपालिकाले २०८१ माघ २२ गतेका दिन सर्लाही जिल्ला घर भई हाल काठमाडौं महानगर पालिकाको अनामनगर क्षेत्रमा कवाड संकलन गर्दै आउनु भएका धिरेन्द्र यादब र कोटेश्व क्षेत्रमा कवाड संकलन गर्ने अर्का एक व्यक्ती लाई महानगर प्रहरीले गुण्डागर्दी सैलीमा अपहरण गरी सुन्धारा बागदरबार लगेर ३ घण्टा सम्म राखेर यातना दिने काम गरेको छ' गुप्ताले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

काठमाडौं महानगरपालिकाका प्रहरीले कवाड संकलकको साईकल र समान जफत गरी अभद्र व्यवहार गरेको प्रति आपती जनाउदै उनले यस्ता गुण्डागर्दी बन्द गर्न चेतावनी दिएका छन् । काठमाडौं महानगरपालिकाले कवाड व्यवसायीलाई पेशाबाट बिस्थापित गराउँन चाहेको भन्दै कवाड व्यवसायीले गृहमन्त्री रमेश लेखक सहित बिभिन्न दलका प्रमुखका साथै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा शान्ति सुरक्षाको माग गर्दै ध्यानाकर्षण पत्र समेत बुझाएका छन् ।

## जसपा नेपाल...

कार्यकारिणी बैठकले 'जनतासँग जसपा नेपाल, आधारभूत संगठन निर्माण अभियान' को प्रदेश, जिल्ला, पालिका र वडास्तरगत समिक्षा गरेको छ । निर्वाचन क्षेत्रगत प्रगति विवरणसहित भएको छलफलमा उक्त अभियान अत्यन्तै उत्साहजनक, प्रभावकारी र परिणाममुखी भएको निष्कर्ष निकालिएको छ । माघ मसान्त पश्चात उक्त अभियान स्थगित गरेर आगामी बैशाखभित्र प्रदेश, जिल्ला र पालिकाको अधिवेसन सम्पन्न गर्न मातहतका संगठनहरुलाई बैठकले निर्देशन दिएको छ ।

जसपा नेपालले केन्द्रीय सल्लाहकार समिति गठन गर्ने गृहकार्यलाई अघि बढाएको छ । बैठकमा समिति गठनका लागि दुई दर्जन नेताहरुको नामावली संकलन गरिएको छ । थप छलफल र गृहकार्य गरी संकलित नामावलीबाट समितिको नेतृत्व र अन्य सदस्यहरु चयन गर्ने बताइएको छ । कार्यकारिणी समितिमा नयाँ सदस्यहरु थप्ने गरी गठित कार्यदलको प्रतिवेदन उपर छलफल भएपनि चाडै नै थप गृहकार्य गरेर नयाँ सदस्यको टुंगो लगाउने निर्णय भएको छ ।

कार्यकारिणीमा नयाँ सदस्यका लागि दश जनाको नाम प्रस्ताव आएको बताइएको छ । तीनजना विभागीय प्रमुखसहित हाल ३५ सदस्सीय कार्यकारिणी समिति रहेको छ ।

## मधेश...

हुँदैआएको थियो । जनमत नेतृत्वको प्रदेश सरकारले आयोगका अध्यक्ष र एक सदस्य नियुक्त गरेपछि रिक्त दरबन्दीका लागि विज्ञापन, कर्मचारी बढुवालगायतका काममा तीव्रता आएको छ ।

आयोगले प्रकाशित गरेको विज्ञापनमा खुलातर्फ २७, मधेशी महिला ७ जना, दलित महिला २ जना, मुस्लिम महिला २ जना, मुस्लिम १ जना, आदिवासी जनजाति महिला एकजना, थारू महिला १ जना, आर्थिक रूपले विपन्न खसआर्य महिला १ जना र अपाङ्ग महिला गरी एकजनाका लागि दरखास्त आह्वान भएको जनाइएको छ ।

वनजङ्गलको नियमित गश्ती गर्ने, वनजङ्गलबाट चोरीनिकासी हुन नदिने, आफूले गश्ती गर्ने वनको अवस्थाबारे जानीराख्ने र त्यसबारे सम्बन्धित वन कार्यालयलाई जानकारी दिने, वनक्षेत्रमा आगलागी हुन नदिने र अकस्मात् आगलागी भएमा वनजङ्गल र वन्यजन्तुलाई जोगाउने तथा आगलागी नियन्त्रण गर्ने, वन्यजन्तुको स्वास्थ्यको ख्याल गर्ने, वन्यजन्तुहरू बिरामी भएमा वा घाइते भेटिएमा उपचारको प्रबन्ध मिलाउने, वनजङ्गलका माउ रुख पहिचान गर्ने, बिउ संकलन, बिरुवा उत्पादन र वृक्षरोपणजस्ता कार्य गर्नेजस्ता जिम्मेवारी वनरक्षकको हुने गर्दछ ।

प्रदेश वन तथा वातावरण मन्त्रालयका प्रदेशसचिव उद्धवबहादुर घिमिरेले प्रदेशमा तीन सय २२ जना वनरक्षकको दरबन्दी रहेको बताए । उहाँले त्यसका अतिरिक्त ८ सुबेदार, १६ जमदार, ३२ हवलदार र १२८ सशस्त्र वनरक्षक गरी १ सय ८२ जना सङ्घीय दरबन्दीमा कार्यरत छन् । वनरक्षकका लागि शारीरिक परीक्षण, तन्दुरुस्ती परीक्षा, लिखित परीक्षा र अन्तर्वार्तालिइनेछ । पहिलो चरणको परीक्षा आगामी २०८२ जेठ १५ बाट सञ्चालन हुनेछ ।

## मधेशी...

बनाउन प्रादेशिक संरचनाको खारेजी, मुलुकलाई हिन्दू राज्यको रूपमा मान्यता, सीमित दलीय व्यवस्था तथा यसका लागि उच्च प्रतिशत मत पाउनु पर्ने 'थ्रेसहोल्ड' आदि-आदि । यी सवालहरू मधेशी लगायत अन्य साना दलहरू र क्षेत्रीय-जातीय पक्षधरलाई स्वीकार्य हुँदैन होला । जनताले चाहेका कुरा भने यी दुबै भन्दा नितान्त फरक छ । जनताले चाहेका कुरा वा एजेण्डा भने सबै पक्षीय राजनीतिक दलहरूका लागि ग्राह्य हुनुको विपरीत पुरै अग्राह्य हुने देखिन्छ । हुन सक्छ, यदि संविधानमा संशोधन भयो भने, उप्रान्त संसदमा बहुमत पाउने दलको वा बहुमत सिद्ध गरेको पहिलो गठबन्धनको संसदको अवधिभर सत्तामा निरन्तरताको प्रत्याभूति हुने प्रावधानको संविधानमा प्रवेश गराउनु कांग्रेस-एमालेको विचार हुन सक्छ । यस्तो अप्रष्ट अवस्थामा मधेशी वा अन्य पक्षले आफू भित्रका विद्वेषहरूलाई ढाकछोप गरेर अमूर्त समझदारीका गफ छाटनु भन्दा वेश संविधानमा प्रगतिशील परिमार्जनका लागि व्यापक दृष्टिकोणका साथ छलफल थाल्नु बढी प्रासंगिक हुनेछ ।


**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**

- जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
- बोटबिरुवा लगाऔं हरियाली प्रवर्द्धन गरौं,
- नविकरणीय ऊर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका बाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरुको संरक्षण गरौं,
- वनजंगलको संरक्षण गरौं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं